
किन्नर-किन्नरी



किन्नर-किन्नरी

माधव घिमिरे

प्रकाशक :
साझा प्रकाशन
काठमाडौं ।

संस्करण :
पहिलो २०३३
दोस्रो २०४३

संख्या =
११००

सम्वत् : २०४३

मूल्य : २४।५०

मुद्रक :
साझा प्रकाशनको छापाखाना, पुलचोक ललितपुर, नेपाल ।

प्रकाशकीय

अनुभूतिका कोमलतम लहर टिपेर, लहरै लहरले बुनेको गीतको संसार रचेर यसका शब्दले भाखा पाएका छन्, आँखाले लय र लयले कम्पन। यहाँ जीवन समशीतोष्ण छहारीका कामनाहरू झैं रङ्गीन छ।

छाल पौडिन्छन् र फैलिन्छन्। छालमै गहिरिएर सागरले जीवन पाए जस्तो र संगीतमय त्यसका तरङ्गहरूले डाकिएर आकाश आफैं आफैं ओर्ले जस्तो र प्रतिबिम्बित भए जस्तो– हामी गीतमा धून भएर सुनिन्छौं, संगीतमा भाव भएर छोइन्छौं। यसरी यसरी हामी पंक्तिमा बाँधिन्छौं।

किन्नर-किन्नरीको संसारमा एकान्त फुसफुसाउँछ। रिसाए जस्तो र रमाए जस्तो, भने जस्तो र पग्ले जस्तो, लागे जस्तो पनि, अर्पिए जस्तो पनि, वन-पाखा-चौरालीको एकान्त चोरेर सुसाएको प्रीत जस्तो यसका लोकछवि र अनि रोमान्सेली सान्ध्य रमरममा रागरञ्जित एकान्त शाश्वतता जस्तो नसालु छ।

माधव घिमिरेलाई कवि र गीतकारको संयोगले सुललित गेय छन्दका रचयिताको रूपमा प्रतिष्ठित गरेको छ। यसकारण घिमिरेज्यूका गीत कविता पनि हो र कविता गीत पनि। दुवै नछुट्टिने बिन्दुमा घिमिरेका कविको प्रादुर्भाव हुन्छ र काव्यगीतको योगमा शैलीजन्य परम्पराभित्रै एक छुट्टै बाटो बनेको पाइने छ।

प्रस्तुत संकलन काव्यगीतको उत्तम उदाहरण हो। कविताको कोमलतम संयोग र काव्यको रागात्मक आवेगहरू अनुभूतिको गहिराइबाट उठेर एक शाश्वत सत्य झैं प्रस्फुटित छ। अभिव्यक्तिको सहजता यति संवेद्य छ कि अपृथक् रूपमा भोगेर आनन्दित हुन्छौं।

हिमाली गौरवको छायातल सांस्कृतिक मोह र स्नेहले सिञ्चित आस्थाको जुन राष्ट्रिय धरातल छ काव्यगीतका अंशहरूमा, यो चेतनाको डाँक निःसन्देह प्रेरणादायी सम्झन्छौं ।

छाप्ने सहयोग पाएकोमा साझा प्रकाशन हार्दिक प्रसन्नता व्यक्त गर्दै कृतज्ञता ज्ञापन गर्दछ ।

२६ कार्तिक २०३३

साझा प्रकाशन

बिषय-सूची

किन्नर (पूर्वार्ध)

किन्नरी (उत्तरार्ध)

किन्नर

पूर्वार्ध

पर्वतकी पार्वती हे,

पर्वतकी पार्वती हे, नेपालकी रानी !
तिम्रो दिल बोकी बग्छ छहराको पानी

हिमचुली– लहरमा तिम्रो अधर हाँस्छ
तिम्रो गला खोला खोला धोबिनीमा बास्छ

तिम्रै रूप संझिएर वनफूल फुल्छ
बाली बाली बयेलीमा तिम्रै लीला डुल्छ

नेपालको फूलबारीमा नौलो फूल रोप
पहाडका पहरामा प्रीतिलेख खोप

हिमाललाइ लगाइदेऊ इन्द्रिनीको हार
संसारलाइ सुनाइदेऊ नेपालको प्यार

१ आश्विन २००४

मेरी धर्ती माता !

हिर्दयमा दूधकोशी, शिरमा सगरमाथा
अन्नपूर्णा उभिए झैं मेरी धर्ती माता !

दिन दिनै दश चिम्टी माटो लुकाई नङ्मा
कुबेरको भण्डारबाट ल्यायौ आफ्नो सङ्मा

देउरे हात धानको बाला, दाहिने हात दही
हिम्चुलीमा मुस्कुराउने तिम्रो मूर्ति यही

माया दिने छाया तिम्रो, जीवन दिने अन्न
फेरि पनि पाऊँ आमा ! यै नेपालमा जन्म

२६ माघ २०१८

परन्तु यौटै मूर्तिमा विराट्

नेपाल आमा ! कहीं छौ घाम, कहीं छौ छाया हे,
परन्तु सारा सन्तानमाथि एउटै माया हे,

धवलागिरि, कञ्चनजंघा, सगरमाथाको
यो देश मेरो– पलपल रङ्ग वदल्ने पाखाको
हजार चुली– तल्तिर हजार अलकापुरी हे,
परन्तु यौटै सुनको गजुर, चाँदीको धुरी हे,

गण्डकी, कोशी, कर्णाली, भेरी र महाकालीको
यो देश मेरो–सोरठी, घाँटू, भैलो र ख्यालीको
हजार तीर्थ, हजार मेला, हजार पर्व हे,
परन्तु यौटै आँगनमा खेल्ने सुखको स्वर्ग हे,

फूलबारीभरि छत्तीस थरी फूलै र फूलको
यो देश मेरो– कठोर पौरख, कोमल दिलको
हजार शिर, हजार हात, हजार पाउ हे,
परन्तु यौटै मूर्तिमा विराट् नेपाली नाउँ हे,

जय, जय जय हे नेपाल !

गाउँछ गीत नेपाली
ज्योतिको पंख उचाली
जय जय जय हे नेपाल
सुन्दर शान्त विशाल

गण्डकी कोशी कर्णाली मेची र महाकाली
लेक र बेंसी बिम्झाउँछन् लहर लाखौं उचाली
हिमाल चुली बोलाउँछ पहिलो झुल्का निकाली
सगरमाथा–शिखरमा पुग्दछ पहिले नेपाली

सीताले सारा भिजाइन् दक्षिण लंका भारत
भृकुटी तारा उदाइन् उत्तर चीन तिब्बत
हामीले हिमाल उठायौं एशियाको माझमा
सभ्यता वास बसेथ्यो आएर यहीं साँझमा

यै नेपाली धूलामा दिलको फूल रोपेर
यै पहाडी शिलामा प्रीतिको गीत खोपेर
बाँचौंला हामी नेपालमा चन्द्र र सूर्य ध्वजा ली
नाचौंला हामी हिमालमा ज्योतिको पंख उचाली

१५ भाद्र २०१०

'नेपाल– सुन्दर शान्त बिशाल !' (देवकोटा)

घाम्ले सिन्दूर हालेको कहाँ छ

हिमालमाथि घामले सिन्दूर हालेको कहाँ छ
सुन हे यात्री, एकान्त मेरो नेपाल जहाँ छ

क्या मीठो जल, यसको मूल खुलेको कहाँ छ
क्या मीठो बास्ना यसको फूल फुलेको कहाँ छ
इन्द्रिनी– घाम छायाकी छोरी पालेको कहाँ छ
सुन हे यात्री, सुन्दर मेरो नेपाल जहाँ छ

हिमाल–चुली उत्तर खुली धूपीको छायामा
पहाडी बाला गाउँछिन् गीत कलिलो मायामा
मलाई सधैं संझने माया थालेको कहाँ छ
सुन हे यात्री, मधुर मेरो नेपाल जहाँ छ

गण्डकी कोशी गाउँछन् गीत हावामा उठेर
वसन्त छर्छ बैंसका लावा शिशिर भुटेर
उजेली काठमा ननिभ्ने बत्ती बालेको कहाँ छ
सुन हे यात्री, अमर मेरो नेपाल जहाँ छ

१६ फाल्गुन २००४

स्वदेश मेरो नेपाल

स्वदेश मेरो नेपाल, संसारभरको सुन्दर
चन्द्र र सूर्य ध्वजाको शीतल छायामन्तिर

सूर्यै र वंशी मल्लले चन्द्रै र वंशी शाहले
अंगालो हाले बाँहले युगको नौलो चाहले
नेपाल राजधानी यो कौशल-कला-सुन्दर
चन्द्र र सूर्य ध्वजाको शीतल छायामन्तिर

सगरमाथा शिखर साकार शिव पार्वती
जनकपुर रमाइलो सीताको यै हो माइती
मेची र कोशी वाग्मती बहेको देश सुन्दर
चन्द्र र सूर्य ध्वजाको शीतल छायामन्तिर

धवलागिरि हिमाल चमरी गाई चरेको
त्यहीं तल रूपन्देही यो बुद्धको छाया परेको
चौबिसी राजा बसेको गण्डकी देश सुन्दर
चन्द्र र सूर्य ध्वजाको शीतल छायामन्तिर

सिंहको मूर्ति लेखेको लेकैको लामो निगाली
मल्लको कीर्ति गाउँदै दौडेका भेरी कर्णाली
बाइसी राजा वसेको रापती देश सुन्दर
चन्द्र र सूर्य ध्वजाको शीतल छायामन्तिर

१० चैत्र २०१२

नेपाल जाने हो हो

कहाँ जाने दाइ हो, नेपाल जाने हो
नेपाल जाने हो हो, सँग सँगै जाने हो

ऋषिले यहीं लगाए ध्यान प्रातको प्रहर
शिखरमाथि साकार भए गौरी र शंकर
शिवले जटाजूटमा स्यूरे पहिलो चन्द्रमा
गौरीले लाइन् सौभाग्यसिन्दूर पहिलो घाममा

प्रथम सृष्टि उतारे यहीं वैवस्वत मनुले
छोएर शतरूपाको दिल फूलको धनुले
सप्तर्षिलाई भेटेथे तिनले सगरमाथामा
प्रलय-जलमा चढेर आउँदा सुनको माछामा

यही हो मेरो मिथिलापुरी सीताको माइती
सुनले जोती धानको खेती झुलेको धरती
बारीमाफु ल्यो भैंचम्फा फूल स्वर्गको घामले
किशोरी सीता देखेथे यहीं किशोर रामले

यही हो मेरो कपिलवस्तु शाक्यको नगरी
हिंडेथे बुद्ध भुइँमा राखी शिरको पगरी
करुणा मूल फुटेथ्यो पैले हिमालको छायामा
रोइथिन् रूपन्देहीकी रानी विश्वको मायामा

यही हो मेरो कैलाशकूट नौतले दर्बार
भृकुटी जस्ती नेपालकी छोरी हुर्केको घरबार
लेककी तारा हेर्दथिन् छाया गंगाको छालमा
पूर्वकी मेरी महिमा वस्थिन् विमानको झ्यालमा

यही हो गोर्खा पृथ्वीनारान शाहले बसेको
हिमालमाथि श्यामकर्णे घोडा करेली कसेको
शरद्का अग्ला पहाड जसै गर्वले उठेथे
विशाल नेपाल निर्माण गर्न नेपाली उठेथे

यहीं का राजा भएथे खडा प्रजाको पक्षमा
राजा र प्रजा हिंडेथे दुवै, एउटै लक्ष्यमा
लेकको तारा निस्कियो फेरि नुहाई झरीमा
त्रिभुवन जस्ता होवैनन् राजा त्रिभुवनभरीमा

शालिग्राम शिला कुँद्दछन् कालीका लोल लहर
नेपाली हात निर्माण गर्छन् नेपाल सुन्दर
देवत्व गर्छ गर्वले हुंकार मान्छेको कायामा
किन्नरी गाउँछन् धर्तीको गीत धूपीको छायामा

२०१२ साल

यही हो मेरो मिथिला

यही हो मेरो मिथिला
धरती शश्य-श्यामला

जन्मिथिन् यहीं जानकी
मंजरी जस्ती धानकी
माण्डवी कीर्ति उर्मिला
बहिनी – बालचंचला

दौंतरमिल्दा सहेली
बालीमा खेले वयेली
फूलैमा फुल्यो जोवन
देशैमा चल्यो वासन

किशोर राम लक्ष्मण
श्यामल गौर वदन
शिवको धनु भाँचेर
पसीना – दाना पुछेर
मुखमा चढी लालिमा
उभिए आई आलीमा

लावण्यमयी जानकी
यै गहुँगोरो ज्यानकी
परेला ढाली गाजले
झुकाई शिर लाजले

अर्पन भइन् राममा
पोटिला वाला धानको
झलको परी सुनको
झुले झैं मीठो घाममा।

खेतका खला खलामा
धानै र नाच नाचेर
सुरिलो मीठो गलामा
गाउन लागे खेताला–

यही हो मेरो मिथिला
धरती शश्य-श्यामला

५ वैशाख २०१२

कपिलवस्तु यही हो

कपिलवस्तु यही हो
सुन्दर रूपन्देहीको

शाक्यको सन्थागारमा
गणले गर्ने मन्त्रणा
साँझमा राज-भवन-
द्वारमा बज्ने शहना ।

साँझको पारि रातमा
एकान्त खोपी खाटमा
सुतेकी गोपा झूलमा
जुन्किरी वन डुलेर
थाकेकी जस्तै फूलमा ।

ममतामयी आमाको
तकिया हाली कुमको
दूधको मन्टो मुखले
टोकेर मीठो सुखले

सुतेको सानु राहुल
वदन निद्रा कोमल !

एकै र बाजि हेरेर
रसिला आँखा फेरेर
कोठाको बत्ती फुकेर
अँध्यारामनि लुकेर
निस्किए राज–कुमार
दिलको खोली दुवार
हिंसाले ध्वस्त धर्तीमा
करुणामय मूर्तिमा
लिएर मुद्रा अभय
मानवताको हृदय
ओर्लिए बुद्ध औतार !

७ वैशाख २०१२

नागको दह यही हो

नागको दह यही हो
वसेको नाग कर्कट
एक दिन यहीं भइथिन्
नागकी कन्या प्रकट
घामको पैलो झुल्कामा
भाँचेर आँग अलस
जीवन-सुधा भरेको
लिएर स्वर्ण कलश ।

किरात गोप आभीर
लिच्छवि शाक्य नायर
सेन र मल्ल ठकुरी
शाहले यहीं आएर
दिलको धारा मिसाए
निर्मल नागदहमा

पूर्वकी मेरी मानिनी
बस्तथिन् मानगृहमा
कैलासकूट भवन
वसन्तपुर दरबार
सुन्दर तीनै शहर
सानन्द हाम्रो घरबार
हात्तीका सेता दन्तमा
कुँदेको शान्त जीवनी
कमल तन्तु बाँडेर
खेलेका हंस हंसिनी
सुनै र तामा मिसेर
सिंहको मूर्ति गढेको-
विजुली पंख खोलेर
पौरुष हाम्रो उडेको
डाँफेको प्वाँखको कलम
राखेर गाला हातमा
प्रियलाइ पत्र प्रियाले
लेखेको ताडपातमा ।

कसरी नाचे अप्सरा
ढुङ्गामा आँग भाँचेर
जवानी मेरो राखको
अमरतामा साँचेर
अलकापुरी क्या राम्रो
आकाशमाथि उचाली
यहीं बाट पंख खोलेर
विश्वमा फैले नेपाली

वैशाख २०१२

कान्तिपुरी नगरीमा

कान्तिपुरी नगरीमा कति राम्रो ढोका
त्यो ढोकाको दुइतिर लमकोशे आँखा

बिनुआग्ली, बिनुताल्चा बन्द त्यही दुवार
हार मानी फर्की गए कति राजकुमार
म आएको देखी आफैं खुल्यो दुवार कस्तो
धरती र आकाशको नीलो किनार जस्तो

भित्ताबाट मूर्ति बिम्झे सेतो चमर डोलाई
सात चोकभित्र मलाइ संगीतले बोलाई
आरतीको उज्यालोमा देखें मूर्ति यौटा
मानिसको ध्यानमा बस्ने कुमारीको द्यौता

मुस्कुराऊँ जस्तो गरी फूलमा यिनै फुल्थिन्
बुझूँ बुझूँ जस्तो बोली मुरलीमा बोल्थिन्
जस्तो झल्को लाग्यो मलाइ त्यस्तै देख्न पाएँ
सपनीको देशभित्र बिपनीमा आएँ

२१ वैशाख २०२४

पँखेटामा गीत थर्थर

धरतीमा एक देश अति सुन्दर
हिमचुली चुचुराले घेरी तीनतिर
उडी जाऊँ पँखेटामा गीत थर्थर
त्यही मेरो देश होला – साथी, आखिर

त्यही देशमा एक घर अति सुन्दर
गमलामा गुन्केशरी द्वार – दुइतिर
उभियुँला विमानका झ्याल – मन्तिर
त्यही मेरो घर होला – साथी, आखिर

त्यही घरमा एक ज्यान अति सुन्दर
मैन–वत्ती वले जस्तै मौन मधुर
चिने चिने जस्तै हेर्ने चिल्ला नजर
तिनै मेरी प्रिया होलिन्– साथी, आखिर

त्यही ज्यानमा एक दिल अति सुन्दर
अमृतको मूल जस्तै धर्ती–मन्तिर
भरखरै प्रीति बसी विश्व मधुर
त्यही मेरो प्राप्ति होला– साथी, आखिर

६ मार्ग २०१३

त्यै वेलादेखि नेपाली

त्यै वेलादेखि नेपाली बनेका हामी नेपाली
जुन वेला हिमाल उठेथ्यो धर्तीमा शिर उचाली

नेपाल आमा ! तिमीले हलो र कुटो दियौ रे
कुबेरको भण्डार बढारी पवित्र माटो दियौ रे
धानका वाला झुलायौं हामीले त्यही माटामा
सुनको थालमा राखेर लोकको दियौं हातमा
त्यै वेलादेखि उद्यमी– बनेका हामी नेपाली
जुन वेला हिमाल उठेथ्यो धर्तीमा शिर उचाली

नेपाल आमा ! तिमीले खुकुरी खुँडा दियौ रे
आँधी र बैरी गर्जेको रातमा बिदा दियौ रे
अन्धेर अत्याचारमा वज्रको वाण झैं गर्जियौं
झरीको पछि झुल्केको घाम झैं हामी फर्कियौं
त्यै वेलादेखि नहार्ने– बनेका हामी नेपाली
जुन वेला हिमाल उठेथ्यो धर्तीमा शिर उचाली

नेपाल आमा ! तिमीले कलम कुची दियौ रे
पूर्वको पैलो झुल्कामा हृदय मुछिदियौ रे
वसेर शैलच्छायामा हामीले लेख्यौँ तस्वीर
मान्छेको यही कायामा देवता बोले आखिर
त्यै वेलादेखि कलाकार – बनेका हामी नेपाली
जुन वेला हिमाल उठेथ्यो धर्तीमा शिर उचाली

१० वैशाख २०१२

यही हो मेरो द्यौराली

ढुङ्गाको राश लाएको यही हो मेरो द्यौराली
देशको रक्षा गरेर बसेथे यहीं नेपाली

दक्खिनबाट एक्कासि अंग्रेजी तोप गर्जिए
उत्तरबाट पहरा उत्तरै दिई गर्जिए
नेपाली सारा निस्किए छहरा जस्तै उर्लेर
अहिरा खेल्दै दगुर्ने अहेरी जस्तै कुर्लेर
आइलाग्नेमाथि जाइलाग्न जान्दछ वीर नेपाली
ढुङ्गाको राश लाएको यही हो मेरो द्यौराली

फैलिए पूर्व सिक्किम, पश्चिम रावीसम्म नै
जुँघाको रेखी बसेर कपाल फुलेसम्म नै
घोडाको पीठमा सुतेर बिगुल बज्दा ब्यूँझिए
छायामा कहीं बसेर घरबार कैले संझिए
रणमै जन्मे नेपाली रणमै मरे नेपाली
ढुङ्गाको राश लाएको यही हो मेरो द्यौराली

विजुली तोप अगाडि ढुङ्गा र मुढा के थिए
तालीमी फौजअगाडि नारी र बूढा के थिए
नेपाली–भित्र तैपनि साहस भन्ने जो थियो
वैरीले पनि प्रशंसा गरिने यौटा त्यै थियो
हृदय जहाँ हारेन हारेनन् त्यहीं नेपाली
ढुङ्गाको राश लाएको यही हो मेरो द्यौराली

१२ वैशाख २०१२

पहरामा लेखूँ तिनको मूर्ति

यो हिमालको पहरामा लेखूँ तिनको मूर्ति
सात गंगा सुसाएर गाउँछन् जसको कीर्ति

यौटा थिए राजा यहाँ यौटी थिइन् रानी
उखु पोल्थे राजा यहाँ घान लाउँथिन् रानी
वरि परि घाम छाया त्यै माझमा पीर्ति
यो हिमालको पहरामा लेखूँ तिनको मूर्ति

माघ मासको पहारमा बादलको ओझेल
देश घेऱ्यो दुश्मनले देशै–भरी खल्बल
राजा दौडे – रानीसित बिदा हुनै बिर्सी
यो हिमालको पहरामा लेखूँ तिनको कीर्ति

वैरीलाई लखेटेर फर्के जाने जति
राजा गए वीरगति, रानी गइन् सती
प्राण निस्क्यो मुस्कानसित, शेष रह्यो कीर्ति
यो हिमालको पहरामा लेखूँ तिनको मूर्ति

२ कार्तिक २०१९

नेपालै नरहे

नेपाली हामी रहौंला कहाँ नेपालै नरहे
उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे

तराई हाम्रो सुनको टुक्रा हिमाल हीराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँवाट हेरौंला संसार सन्झ्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे

दशैं र तिहार रमाइला हाम्रा चुड्का र ख्यालीले
हिर्दय हाम्रो जुर्मुराउँछ जीतको झ्यालीले
बैंसको तालमा नाचौंला कहाँ मादलै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
बिम्झौंला कहाँ, पूर्वको पैलो उज्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे

१९ फाल्गुन २०१८

आकाशमा उचाले झैं कान्तिपुरी

भुवादारी बादलको वरिपरी घेरो
आकाशमा उचाले झैं कान्तिपुरी मेरो

यौटा फूल फुलिरै' छ संसारको माझमा
बादलले रङ्ग रच्ने जेठ मासको साँझमा
सुन्केसरी मैयाँलाई गुन्केशरी मेरो
आकाशमा उचाले झैं कान्तिपुरी मेरो

घाम पानी वर्साएर बेल्कीपख लेकमा
ईश्वर! मलाइ जन्म दियौ कति राम्रो भेकमा
झुल्छ आत्मा झोलुङ्गगामा शिशु सरी मेरो
आकाशमा उचाले झैं कान्तिपुरी मेरो

कैले पानी सिमिसिमी, कैले पानी दरदर
पानी बिदो हुँदा पनि रन्को कति मधुर
बजाई कैल्यै नसकिने यो बाँसुरी मेरो
आकाशमा उचाले झैं कान्तिपुरी मेरो

२८ जेठ २००६

बल्ल हिमाल खुल्यो !

यति दिनको झरीपछि बल्ल हिमाल खुल्यो
यौटै मुहार मुस्कुराउँदा शय सन्झ्याल खुल्यो

झरीवाट लेक ब्याँसी निस्कि आए कस्तो
रुँदा रुँदै सानु शिशु मुस्कुराए जस्तो
कति मीठो संसार हजुर, मेरो मनै भुल्यो
यति दिनको झरीपछि बल्ल हिमाल खुल्यो

किरनका छिर्कामिर्का हेरी हिउँभरि
सन्चो हुने बेरामीको आँसु वरबरी
यै जुनीमा पुनर्जन्म अझै राम्रो मिल्यो
यति दिनको झरीपछि आज हिमाल खुल्यो

हिमचुली आफैंमाथि अग्लिए झैं लाग्छ
नीलो आकाश फूलबारीमा पग्लिए झैं लाग्छ
फूल खिल्यो कान्तिमा कि फूलमा कान्ति खिल्यो
यति दिनको झरीपछि आज आकाश खुल्यो

६ माघ २०२५

यो ठाउँको रङ्ग देऊ

मानिसले मुस्कुराउँदा वनफूल फुल्ने
यो ठाउँको रङ्ग देऊ यै ठाउँमा मिल्ने

कन्दरामा कस्तूरी त पहरामा कुंकुम
कति मीठो वास्ना हजुर, हिर्दय नै छूँ छूँ
छाया जस्तै माया पनि वन वन डुल्ने
यो ठाउँको रङ्ग देऊ यै ठाउँमा मिल्ने

बादल डुल्ने हिमचुली, छाया डुल्ने बेंसी
यौटा तारा त्यहीं देख्छु मैले जानेदेखि
अन्त गई दुःख पाए यहीं आई भुल्ने
यो ठाउँको रङ्ग देऊ यै ठाउँमा मिल्ने

बादलमा फूल पार्ने सुनपंखी घाम
रङ्का चल्ला चहार्दछन् यहीं ठाम ठाम
यहींबाट निस्किएर फेरि यहीं मिल्ने
यो ठाउँको रङ्ग देऊ यै ठाउँमा मिल्ने

१० माघ २०२४

एकै प्रीति लाउँछौं शय थलामा

हामी गोठाला, हामी गोठाली
चम्री गाईको नौनी झैं राम्रा नेपाली

कैले हामी हिउँको काँठ काँठैमा
कैले हामी बिँसीको फाँट फाँटैमा
जहाँ न्यानु पहार, चीसो पानी रे
त्यहीं वस्ती बसाउने हाम्रो बानी रे

गाई–बस्तु रमाउँछन् नौलो गन्धमा
डाँडा पारि पुग्दछौं शान्त सन्ध्यामा
राति तारा पूर्वमा फेर्छ शिरानी
अर्कै जुनी फेरे झैं उठ्छौं बिहानी

पानी पर्न थाले झैं काली लेकमा
एक ऋतु रमाइलो एक भेकमा
निदारीमा पसीना गीत गलामा
एकै प्रीति लाउँछौं शय थलामा

प्रीतिको फूल नफुल्ने कुनै मुलुक हुँदैन

आज मेरो आँगनमा लामा दाइ आउँछ
मधुर पिम्वा वाजामा लेकको गीत गाउँछ

जब स्याङ्वा स्याङ्वीको सुरिलो कण्ठ सुन्छु म
अनि गोसाइँ–कुण्डको टाकुरीमा हुन्छु म
वरि र परि हिम्चुली तालैमा छाया परेको
घाँटीको घण्टी बजाई चमरी गाई चरेको

आउँछ बुकी फूलको मगमग मीठो वासना
गाउँछ पिम्वा बाजाले प्रीतिको झल्झल सम्झना
बैंसको गद्‌गद कण्ठले कसको दिल छुँदैन
प्रीतिको फूल नफुल्ने मुलुक कुनै हुँदैन

सल्लाको घारी सुसाई आज मलाई बोलाउँछ
चमरी मेरै स्वागतमा सेतो पुच्छर डोलाउँछ
जान्छु म शैलुङ लेकैमा घामले पैले देखेको
लामा दाइले शिलामा शान्तिको गीत लेखेको

२२ वैशाख २०१०

हामीलाई बोलाउँछन् हिमचुली

हामीलाई बोलाउँछन् हिमचुली राम्रा
उकालीमा उचालिन्छन् हल्का पाइला हाम्रा ।

उकालीको चीसो पानी अञ्जुलीले खाउँला
धौरालीको बिसौनीमा सुसेलीले गाउँला ।
वनभित्र ढुङ्गामाथि गाउलिन् गोठालिनी
गाईलाई बोलाउलिन्– लाला, ओदी, निनी !

उनी सोध्लिन् हामीलाई– कहाँ जाने दाइ
भन्नु पर्ला– हिमालको बुटी खोज्नलाई ।
रेंटामा कस्तूरीले तिरिन च्यापी हेर्लान्
पात पातै चरा नाच्ने पातलले घेर्लान् ।

टाकुरामा कुहिराको दौडादौडी होला
लेकदेखि इन्द्रेनीले वन बेंसी छोला ।
भेडा चर्लान् निगालाको टुप्पा हिलाएर
चौंरी चर्लान् चमरको झुप्पा झुलाएर ।
मग मग बुकी फूलको वासनाले ढाक्ला
उत्तरमा झुक्ने धूपी उत्तरैमा डाक्ला ।

नागियूँमा उक्लियौंला नेटो काटी आफैं
जहाँबाट प्वाँख खोल्छ नउरङ्गे डाँफै ।
हाम्रो होला राति राति ओडारमा वास
जहाँबाट फुटि आउँछ कस्तूरीको वास ।
भेट हुने छैनन् अब मान्छे कोही पनि
खालि बज्ला पहरामा छहराको ध्वनि ।
छङ्गा–छुर भिरैभिर तलतिर होला
हावा आफैं हराएर खगरमा होला ।
हामी खाउँला सामलतुमल झारझुर पारी
एकै वाजि फर्की हेरी जाउँला माया मारी ।
हिउँ बगी बगी हाम्रो बाटो रोकिदेला
विष लागी लागी सारा सास रोकिदेला ।
अघि वढूँ पाइलैपिच्छे मुटु हाम्रो हान्छ
पछि फर्कूं यतिन्जेलको दुःखै खेर जान्छ ।
कल्ले आई हेर्छ हिउँमा पाइलाको छाप
के हिंडेछौं नगरेर आफ्नो नाप जाप ।
जो उठायौं पाइला यो सो उठाइहाल्यौं
ज्यान जोखिमको वाजी थाप्नु थापिहाल्यौं ।
मर्नैपर्छ भने पनि पर पुगी मरौं
नझुक्ने यो हिमालमा किन झुकी मरौं ।
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर !

२७ चैत्र २००२

दाइ त अब परदेश जाने भो

हामीलाई एकलै छोडी
दाइ त अव परदेश जाने भो
आज मैले गाँथेको माला
ढुङगामाथि वैलेर जाने भो ।
जति जति घर्किन्छ घाम
उति छाया लम्बिन्छ वनमा
जति जति छोडेर जान्छौ
उति माया वढ्दछ मनमा ।

भरे राति काँ होला वास
रिमरिमे संझना घरको
भोलि विहान उज्यालो हुँदा
मिरमिरे पीरति परको ।
जति पर्ला वाटामा वाधा
काटिदेला विजुली तर्वार
फूलमाथि टेकेर दाजु !
तिमी जाउला सुनको दर्वार ।

३ फाल्गुन २००३

भैंमा राखी मुरली यो

रातभरि हाम्रो साथ बसी गीत गायौ
भैंमा राखी मुरली यो बिहान जान लायौ

जाऊ भनूँ, बिदा दिने मन मलाई छैन
बस भनूँ, जानेलाई रोक्ने हक छैन

संझाउने बिर्साउने रातो रुमाल लाऊ
जानेलाई कल्ले रोक्छ, जाने भए जाऊ

मुरलीको रन्को बस्ला संझनामा जागी
कुन साँझमा आउला यात्री! फेरि बास मागी

घामछायाको दुनियाँलाइ इन्द्रिनीको हार
तिम्रो हाम्रो जिन्दगीमा भेट एकै बार

१२ वैशाख २००५

अलकापुरी मैं हेर्छु फर्की फर्की

विदेशै जाने देख्तिन बाटो आँसुले वर्सी वर्सी
सुनको धुरी अलकापुरी मैं हेर्छु फर्की फर्की

पँधेरो काटी जाउँला रुँदै गाजलै पुछी पुछी
हिमालको छाया पच्छ्याउला मलाइ लागेर पछि पछि
कस्तूरी मिर्ग कसरी हिड्ली बाटैमा तर्सी तर्सी
विदेशै जाने देख्तिन बाटो आँसुले वर्सी वर्सी

एउटी छाया वनमा डुल्ली यै मेरो जीउ–जत्री
मुहार मेरै संझेर फुल्ली तिहारकी शयपत्री
म भने यसै वैलाइजाउँला कुन देश भोलि पर्सि
विदेशै जाने देख्तिन बाटो आँसुले वर्सी वर्सी

रोऊँ रोऊँ होला हिर्दय जसै बिरानु देशदेखि
बादलु छाया फैलेला मेरै फुकेको केशदेखि
नौडाँडा वारि आउँला सर्दै घामपानी वर्सी वर्सी
विदेशै जाने देख्तिन बाटो आँसुले वर्सी वर्सी

८ भाद्र २०१८

लाग्दछ मलाइ रमाइलो मेरै पाखा पखेरो

लाग्दछ मलाइ रमाइलो मेरै पाखा पखेरो
हिमाल– चुली– मन्तिर पानी भर्ने पँधेरो

लेकै हेरूँ लाली-गुराँस बेंसी हेरूँ प्याउली
पीरति बास्ने परेवा, विरह बोल्ने न्याउली
हिमाल छुन्छ बेलुकी किकिटाको ताँतीले
जुनेली रात बिताउँछन् गाउँदा गाउँदै साथीले

संझन्छु म हिम्चुली आँसुको ढिका खसाली
यो विरानु मुलुकमा वस्तैन माया वसाली
नौ डाँडाको पारमा प्रीतिको देश छ मेरो
मनमा घाम नलागे संसारै सारा अँधेरो

मेरो काली लेकैलाइ ताकेर जाने वादल
नछोए पनि हातले हेर्दैमा कति कोमल
दौडाई लान्छ मलाई यै वादलु छायाले
पार्दछ जहाँ इन्द्रिनी परेला भिज्ने मायाले

७ वैशाख २०१०

यौटा आँसु ख़साली : यौटा चुली उचाली

यौटा आँसु खसाली
यौटा चुली उचाली – संझन्छु झुल्का हिमालैको
जुन देश जाऊँ म
जस्तै सुख पाऊँ म – बिर्सिन्न माया नेपालैको
छातीभित्र घुसेर
संझनामा वसेर – सुसाउँछ धारा गण्डकीको
त्यही एक सुर ली
वजाउँछ मुरली – सहस्र भाका जिन्दगीको
हिउँद र वर्षाको
घाम छायाँको तिर्खा यो – मेटिन्न मेरो हिर्दयको
नदेखेर मैंलाई
रातभर टोलाई – जाँदो हो तारा उदयको
एक टुक्रा मेघले
दौडिएर वेगले – बर्सायो कहाँ घाम-पानी
हिमचुली नछोई
यै मरुमा मैं रोई – सुक्छ कि सारा जिन्दगानी

प्रीति लाउन बइँसैमा पाइन

हिमचुली हेरी हेरी गीतै गाउन पाइन
बइँसको प्रीति लाउन बइँसैमा पाइन

फर्की आउने चैत मास, घर्की आउने हिउँ
जता गइन् गोरी त्यतै गाई चराउने निहुँ
भिरमा फुल्ने सुनाखरी शिरमा लाउन पाइन
बइँसको प्रीति लाउन बइँसैमा पाइन

कैले पुगें मलयामा, कैले पुगें लाहुर
यो पातामा नसुक्तैमा विवाहको माहुर
सिसिलीमा लडाइँ पऱ्यो, दशैं मान्न आइन
बइँसको प्रीति लाउन बइँसैमा पाइन

सल्लेरीको सालघारीमा न्याउल न्याउल रुने
छिनैभरको बिछोडमा व्याकुल व्याकुल हुने
पीरतिको मधुर मधुर पीरै पनि पाइन
बइँसको प्रीति लाउन बइँसैमा पाइन

१ ज्येष्ठ २०११

मैं मरिगए हाइबरि !

मैं मरिगए हाइवरि ! बिरानु यही देशैमा
आँसुको ढिका सुक्तैन आँखा कालो कोशैमा

श्रीखण्ड हाल तुलसी, चिताको आगो बल्दैन
परेवा जत्रो शेष यो मुटुको टुक्रा जल्दैन
मायाको गाँठो पारेर छातीमा रुन्छ धुक्धुकी
यो मेरो हंस मर्दैन हिमालचुली नपुगी

मुटुको मेरो टुक्रा पारेर पोको रुमालमा
सातै र दिनभित्रमा पुऱ्याइदिनू नेपालमा
सेलाइदिनू साँझमा शालिग्राम बन्ने कालीमा
डुबेर जाँदा चुलीमा सूर्यको शेष लालिमा

१८ फाल्गुन २०११

मरनले छोला कि भनी

हिमालैको क्या राम्रो शिला
मरेपछि शिला भै वसुँला

राक्षसले छुन खोज्दा सुन्केशरा रानी
छाया भई वसे जस्तै कालो घुम्टो तानी
शिला भई वसुँला मै पनि
मरनले छोला कि भनी

एक रात स्वप्ना द्यूँला यहाँ म छु भनी
खनी हेर्दा प्रकट हुँला फूलको बोटैमनि

मुस्कानमा मान्छेको छटा
मन्दिरैको वनुँला देवता

धरतीको हरियाली, हृदयको प्राण
मन्दिरको मूरतिमा जिन्दगीको ध्यान

पलीरेको पट्टलै बाँधी
तिम्रै रूपको लाउँला समाधि

२३ वैशाख २०११

यस्तो अस्थिर छाया पनि

असारको पैलो दिन मेघ उठे कस्तो
घर फिर्ने वटुवाको वेग छुटे जस्तो

शय वर्षपछि पनि असार यस्तै होला
उठी आउने वादललाइ हतार यस्तै होला
यस्तो अस्थिर छाया पनि फेरि यहाँ पर्ला
अमर जस्तो माया मेरो किन्तु कहाँ पर्ला

वरु मलाइ असारको मेघ वनाइदेऊ
नरोकिने मनको इच्छा वेग वनाइदेऊ
दौडुँला म दशै दिशा वाहाँ पसारेर
ओसारेरै नसकिने माया ओसारेर

यही देश जाने भनी नजानेरै पनि
नेपालैमा आइपुगुँला नीलो वादल वनी
आनन्दले गर्जुँला जो एक चुली घेरी
हिउँ-गोरी मेरीलाई अङ्कमालमा वेरी

१ आषाढ २०२०

विदेशैबाट फर्केर हेर्दा

निर्मल नील आकाशैमनि हिउँको लहर
विदेशैबाट फर्केर हेर्दा हिर्दयै हर्हर !
कैलासको गुडमा
रलाइलो क्षणमा
जनिमै दियौ ईश्वर–हो, ईश्वर ! क्या राम्रो देशैमा

अरूले रचे चक्चकी राम्रा छक्छकै कलका
हामीले पायौं रूपैको राशि, शीपैको अलका
न बन्न सक्ने
न भन्न सक्ने
वरदान पायौं कस्तो– हो, कस्तो तपस्को शेषैमा

हिमालमनि गंगाको ध्वनि बजाउँछ बाँसुरी
हिर्दय मेरो घुमाई लान्छ जादूको नगरी

म यौटा सिरसिर
अनौठा फिरफिर

तैरेर हिंड्छु सधैं – हो, सधैं किन्नरको भेषैमा

बेलुकीपख पहाडमनि झुकेको छाया यो
मुरी र मुरी भरे झैं मैंलाइ साँचेको माया यो
म यौटा हतार
प्रीतिको दुवार–
फर्केर आउँछु यहीं – हो, यहीं दिनको शेषैमा

३ फाल्गुन २०१५

यो बालाजुको डुक्ने पानी

यो बालाजुको डुक्ने पानी डुक्न्छ गोरू झैं
मैं पनि अब छहरा बनी पहरा फोरूँ झैं
यसरी चूप लागेर बसी भएन क्यै पनि
डुक्ने पानी पियाइद्यौ मलाई डुक्न्छु मैं पनि

म कति गाऊँ छाहरीमनि विरही भाकामा
हिमाली छाती डुक्न्छ जसै छहरा छाँगामा
यो मेरो देश डुक्ने पानी, कुर्लने टाकुरा
ढुङ्गो र पानी गर्जन्छ यहाँ, मान्छेको के कुरा !

२३ आषाढ २०२०

आजै साइत जुऱ्यो

नींद खुल्नासाथैं मेरो दाहिने आँखा फुऱ्यो
आज जानुपर्ने थियो, आजै साइत जुऱ्यो

वनपालेको भाले वास्यो पैलो ज्योति डाकी
चार घडी रात पनि छ कि छैन बाँकी
विझिए झैं गण्डकीको भाका पनि फिऱ्यो
आज जानुपर्ने थियो, आजै साइत जुऱ्यो

मन्दिरको घन्टा वज्यो रिङ्गन लाग्यो ध्वनि
पत्थरको मूर्तिभित्र जाग्यो द्यौता पनि
त्यो द्यौताको आँखीभुईं दायाँतिर फुऱ्यो
आज जानुपर्ने थियो, आजै साइत जुऱ्यो

प्रभातको पवनमा मीठो वास्ना छुट्यो
कन्दरामा कस्तूरी जो आँग तानी उठ्यो
पखेरामा पँधेर्नीको घैला पनि घुऱ्यो
आज जानुपर्ने थियो, आजै साइत जुऱ्यो

१६ आश्विन २०१६

सुन हे आमा ! को आज रुन्छ

म आज भात खान्नँ हे आमा ! उम्काऊ जहान
मलाई केही भएको छैन, दिग्दार नमान

तीन दिनका भोका बालकलाई घरमा पर्खाई
गरीब आयो बेसाहा माग्न हृदय धर्काई
त्यो त्यसै गयो, के सार भयो हामीले खाएको
साँझको बत्ती हेर हे आमा ! जालोले छाएको

वरि र परि गरीब भाइ माझमा धनी म
अरूको मर्म कसरी बिर्सूं सुखी छु भनी म
दुःखले छुन्छ हृदय मेरो सुखले छुँदैन
नपरी मर्म मान्छेको अघि मानिस रुँदैन

शय र घर अघाए पनि एक घर भोकै छ
सबै र तिर सुख भए पनि एक छेउ दुःखै छ
शीतका आँसु तपतप खस्छन् धर्तीको माटामा
सुन हे आमा ! को आज रुन्छ अँधेरी रातमा

१३ चैत्र २००६

एक ढिका आँसु सक्तिनन् धान्न

एक ढिका आँसु सक्तिनन् धान्न धरती माताले

लाख आँसु मर्म बन्छ मुटु मिची मिची
एक आँसु ढिका बन्छ परेलाले थिची
सके तिमी मानिसको मर्म पैल्यै बुझ
नसके ता भैंमा आँसु नझर्दैमा पुछ

कसैलाई दिल मैले दुःखाएँ कि भनी
यौटा काँढा लुकाइराखूँ मेरो छातीमनि
सबै फूलभन्दा राम्रो मुस्कानको फूल
मान्छे पनि असुन्दर हुन्छ भन्ने भूल

अरूलाई रुवाएर जहाँ हामी हाँस्छौं
जीउनुको आनन्दलाई त्यहीं हामी मास्छौं
मानिसको कोमलता त्यल्ले कहाँ छुन्छ
हृदयमा हृदय नै नभएको जुन छ

७ ज्येष्ठ २०१३

जिउने ठाउँ पाइनौ कठै !

युवति यौटी हाम्फालिन् हिजो त्रिशूली गंगामा
गलाको माला राखेर चिनु तीरको ढुङ्गामा

कसरी पुछ्न सकेको होला बैंसको सिंगार
कसरी छोड्न सकेको होला उज्यालो संसार
पाएको भए को छोड्न सक्छ माया र पियार

गहको आँसु लुकाई हाँस्छन् कतिका दुःखिनी
मनको पाप छिपाई बाँच्छन् कतिका पापिनी
जीउने ठाउँ पाइनौ कठै ! तिमीले तैपनि

लडेर पनि राखिन्छ जब पियारो जीवन
हारेर किन तिनले गरिन् मरण शरण
बोल हे गंगा, के भनी गइन् अन्त्यको वचन

११ भाद्र २००६

एउटै मुटु, एउटै मर्म

ढोकाको अघि धूलामा बसी म कति गाउँला
हे प्रभु ! तिम्रो मन्दिरभित्र कहिले आउँला

आँगनीछेउ गाइने गाउँछ दिलको सवाई
अछूत भाइ हृदय छुन्छ सारङ्गी वजाई

सबैको एकै हाड र मासु रङग र रोगन
देहमा दिल, दिलमा ईश्वर, अछूत नभन

ईश्वरको छोरो, मान्छेको भाइ मान्छेले छुँदैन
योभन्दा ठूलो निर्घिनी पाप संसारमा हुँदैन

एउटै मुटु, एउटै मर्म, एउटै ईश्वर
भेद र भाव मेटेर पसौं प्रेमको मन्दिर

१३ चैत्र २००६

आफ्नै आत्मा बेची

जहाँ बग्छन् ढुङ्गा धोई महाकाली मेची
त्यहाँ बोलूँ म कसरी आफ्नै आत्मा बेची

आज पनि सँगसँगै हिंड्छौं साथी भाइ
तर छुन डर लाग्छ एकले अर्कालाई
तिमी जुन शंका गर्छौ त्यो मैंलाई हो कि,
यहाँ हिंड्छन् छायाहरू आफ्नै आत्मा बेची

तिमी पनि राम्रो भन्छौ, म पनि त राम्रो
हृदयको पत्र सबै खुले जस्तो हाम्रो
तर नजर घुम्छ कतै घुमे जस्तै पेची
यहाँ हाँस्छन् छायाहरू आफ्नै आत्मा बेची

तिमी पनि ज्यूँछौ साथी, म पनि त ज्यूँछु
समयको रसलाई विषसरि प्यूँछु
यौटा मर्म बिझाउँछ मुटुभित्र घोची
यहाँ रुन्छन् छायाहरू आफ्नै आत्मा बेची

२५ फाल्गुन २०१८

टाकुराबाट डुक्रियो नन्दी

टाकुराबाट डुक्रियो नन्दी 'होक्कहाँ' बोलेर
पार्वतीसित शिवजी बोले तीन नेत्र खोलेर

खलबल सुन्छु अलमल जस्तो लाग्दछ समाधि
फड्काछु जटा, झड्काछु गंगा शिरमा नबाँधी
ए तिमी पनि प्रीतिको गीत नगाऊ कोल्टामा
बाठामा निस्क आँसुका दाना टिपेर पोल्टामा

भवानी ! अब धूलामा राख फूलको जवानी
कुबेरको वैभव पोलेर घस्छु मैं पनि खरानी
जब म बन्छु भोकले व्याकुल बाठको भिखारी
त्यो वेला निस्क नाशकी चण्डी, जगेल्टा फिंजारी

अकालमा मर्ने मान्छेको निम्ति रोम्रौली रातमा
नाचुँला म त ताण्डव-नृत्य मसान-घाटमा
म कालकूट पिएर आउँछु गोसाइँकुण्डमा
पुतली बनी टाँसिनू तिमी पहाडी ढुङ्गामा

१३ चैत्र २००४

शिरको फूल आमाको पाउमा

जय नेपाल, जय नेपाली !
शय लाख कण्ठमा एक गीत निकाली

लालुपाते फूलमा ज्वाला बल्कियो
तिहारको बत्तीमा क्रान्ति सल्कियो
शंकरले आँखीभुइँ बायाँ उचाले
ललाटको पट्टमा ज्योति फुटाली

त्रिशूल रोपी शैलमा फुट्छ त्रिशूली
बग्छ कोशी रोशीमा रगत भुल्भुली
'जिन्दावाद !' नाराले गुँज्छ पहरा
फुक्छ भेरी कर्णाल भेरी कर्णाली

जवानीका जोशिला ठिटा जाग्दछन्
शहीदका खूनका छिटा जाग्दछन्
दशरथ गंगालाल फेरि भेँमा ओर्लिए
शिरको फूल आमाको पाउमा खसाली

लेक पस्यो वादल वज्र खसाली
शिव बसे आँखीभुइँ दायाँ उचाली
रच्न लाग्यो नेपाली नयाँ नेपाल
हलो कुची कलम छिनु उचाली

१८ माघ २००७

शहीद ! तिम्रो गर्दछौं वन्दना

हातमा बत्ती, गहमा आँसु, दिलमा संझना
हे हाम्रा वीर शहीद, तिम्रो गर्दछौं अर्चना

यहीं हो तिम्रो रातो र तातो रगत पोखेको
आजै हो तिम्रो जीवन-लीला इतिश्री लेखेको
यो पुण्य तीर्थ, यो पुण्य पर्व, त्यागको संझना
हे हाम्रा वीर शहीद, तिम्रो गर्दछौं अर्चना

टाकुराबाट सुसेली हाल्यौ हामीले सुनेनौं
पालीमा वास बसेर गयौ हामीले चिनेनौं
आखिर हाम्रै निम्तिमा प्राण दिएछौ तिमीले
कातर भई कसरी गर्नु वीरको बन्दना

कल्लाई हुन्न घरको माया, तिमीलाइ भएन
भाइको दुःख देखेर तिम्रै हृदय रहेन
ज्यानको आश नमारी हुन्न नवीन सिर्जना
हे हाम्रा वीर शहीद, तिम्रो गर्दछौं अर्चना

१७ फाल्गुन २००७

कुर्वानी भयो कलिलो जवानी

सुन हे साथी, अमर धर्म—ध्वजको कहानी
देशको निम्ति कुर्वानी भयो कलिलो जवानी

जुँघाको रेखी बसेको ठिटो विर्सिन्न मनमा
उनको गीत सुनिन्छ अझै कुन्छाको वनमा—

'आमालाइ मेरो संचार लगी सञ्चै छ भन्दिनू
कहिले आउँछ भन्नेछन्, भोलि आउँछ भन्दिनू

वालाई भन्नू—हजुरको छोरो हुँदैन कायर
हाँसी र हाँसी छातीमा थाप्यो वन्दूक फायर

देशका दाजु-भाइलाई मेरो आखिरी खवर
म मरें, मेरो नेपाली जाति रहिरहोस् अमर

लाखको निम्ति म मर्न पाएँ, यै मलाई सुख छ
नेपाल अझै वनेको छैन यै मलाई दुःख छ"

बोल्दामा बोल्दै परेला ढले कोपिला निदायो
साँझमा एउटा हँसिलो तारा स्वर्गमा उदायो

२६ माघ २००७

माटो शिरमा लाउँला तिमीले टेकेको

धौराली ढुङ्गा दाहिने घुमी फूलपाती चढाउँला
हे वीर ! तिम्रै पाइला हेरी पाइला बढाउँला

बाटाको माटो शिरमा लाउँला तिमीले टेकेको
सपना पूरा गरौंला सारा तिमीले देखेको

घल्चाको पानी ढल्काई देलिन् धाराकी पँधेर्नी
संझना तिम्रो गाएर हिंड्ली वनकी ढुकुर्नी

हिमालचुली साँझमा छोला स्वर्गको ताराले
तिमीलाइ संझी नमस्कार गर्लान् नेपाली साराले

८ चैत्र २००७

फेरि अन्धकारमा पर्न हुन्न रे !

म हूँ दासयुगको शेष चिन्ह रे
आज बाँचिरहेछु यत्ति भन्न रे

हाँस्न खोज्छु आज किन्तु हाँसो बिर्सेछु
पुरुखाले सुम्पेको नासो बिर्सेछु
तिमी हाँस, तिमी खेल, तिमी नाच रे
स्वाभिमानसाथमा साँच्चि बाँच रे
फेरि घोर मोहमा पर्न हुन्न रे
आज बाँचिरहेछु यत्ति भन्न रे

दुवै पंख काटिएको एक पन्छी हूँ
सत्य बोल्न नसकेर देख्ने साक्षी हूँ
आज चढ, आज बढ, आज उड रे
चन्द्रमामा फुलेको फूल चुँड रे
फेरि आफैं पछाडि पर्न हुन्न रे
आज बाँचिरहेछु यत्ति भन्न रे

उज्यालामा पनि देख्छु अन्धकार झैं
जो बिताएँ जिन्दगी बन्द द्वारमै
दायाँ हेर, बायाँ हेर, दूर हेर रे
निभ्ला बत्ती, आफ्नै सास सुस्तै फेर रे
फेरि अन्धकारमा पर्न हुन्न रे
आज बाँचिरहेछु यत्ति भन्न रे

१६ फाल्गुन २०१८

सुनगाभा फुल्ने देशमा

खल्बल कोही नगर, शालिग्राम कुद्ने देशमा
समाधि बस्छन् शिवजी हिमालचुली–शेषमा

विस्तारै झर्ना झर्दछन् इन्द्रेनी पर्ने रुन्कामा
पहाड पाखा लोलाउँछन् अटूट मीठो रुन्कामा
हिर्दय एकै फन्कामा पुग्दछ दिव्य भाषामा
कुभलो कोही नसोच सारङ्गी रेट्ने देशमा

तोरीको वारी फुल्दछ बिस्तारै स्वर्णवरण
त्यै फूलमाथि मौरी झैं चर्दछन् सूर्यकिरण
पर्वतपुत्री बिस्तारै प्रवेश गर्छिन् बैंसमा
कुरूप कोही नबन, सुनगाभा फुल्ने देशमा

८ कार्तिक २०१५

मैले माया लाएँ कि लाइनँ

मैले माया लाएँ कि लाइनँ
आऊँ भने मूल बाटै पाइनँ

गाऊँ भने, मेरो गीत नौ डाँडाले छेक्छ
यसै बसूँ, मेरो खबर कसो गरी पुग्छ
उनी गाउँछन् एक्लै एक्लै रात अँधेरीमा
एक तारा बोलाएर सधैं बाँसुरीमा

तारा गयो हिमालै काटेर
दुइटा मुटु स्वप्नैमा साटेर

तरूँ भने, रिढी–घाट चढी तुहिनमा
मेरै छाया रिंगाउँछ माझै मिहिनमा
बगी आउँला लहरैमा चुल्ठी फररर
कुन किनार बसेका छौ तिमी कति पर

छाया रिंग्यो गंगाको जलैमा
माया बग्यो आँसुको भलैमा

शयपत्री फूलै सारें फूलबारीमा मैले
शय थुङ्गा फुली फुली शय थुङ्गा वैले
त्यही फूलको बुट्टा काढी राखें रुमालैमा
नेपाली नै आइपुगेनौ अझै नेपालैमा
शीतको थोपा नसुक्तै पातमा
फूल कैले दिउँला हातमा

२१ मार्ग २०१८

चरम चुलीमा अर्कै अघि पुग्छ कि !

छोयो तेन्जिङ शेर्पाले चरम चुली टाकुरा
नेपालीले संसारमा नसक्ने छ के कुरा

मरो चरम चुलीमा अर्कै अघि पुग्छ कि
शिरको फूल शिरैमा पीरति नलाई सुक्छ कि
मालिंगाको मुरली लेक लेकै फुकिद्यूँ
आजै हिमालचुलीको टाकुरीमा पुगिद्यूँ

नाचन दाइ साहिंला ! मादलको तालैमा
हेरन ऐना साहिंली ! झुकी रूपातालैमा
ऐलेको दश सालैमा रै'छ राम्रो साइत
भेट्यो तेन्जिङ शेर्पाले पार्वतीको माइत

धन्य तेन्जिङ शेर्पा हे, जनिम तैंले लिएको
बघिनी जस्ती शेर्पिनी आमाको दूध पिएको
हिम्चुलीमा हुर्केको आजै काम लागेछ
संसारमा नेपालको आजै घाम लागेछ

१ आषाढ २०१०

परिश्रमको फूलै रमाइलो

हिमालचुलीदेखि
झुल्का झऱ्यो बेंसी विहानको वेलै रमाइलो
हिंड मेरी साहिंली !
हिंड मेरा साहिंला ! खेतालालाइ मेलै रमाइलो
हलो कुटो बोकी
झम्कं मादल ठोकी खेतालाको हूलै रमाइलो
आज पहाड फोरी
निस्क्यो चरिमरि जाँगरको मूलै रमाइलो
लाली पाउडर पुछी
पसीनामा मुछी निदारीको घूलै रमाइलो
न धूलैले मैली
न धूपैले वैली परिश्रमको फूलै रमाइलो
औंठी हैन सुनको
परिश्रमी जनको हत्केलाको ठेलै रमाइलो
एकै गेडा तोरी
झिक्ने पहाड फोरी नेपालीको खेलै रमाइलो

१२ आश्विन २०१८

एकै र मुठी धर्तीको धूलो

एकै र मुठी धर्तीको धूलो मुठीमा लिउँला
त्यै मुठी खोली सुनै र सुन बनाइदिउँला

सातै र नदी एकै र ठाउँमा भेटिने मधेश
नेपाली तर भोका र नङ्गा देश र विदेश
जोत हे, फेरि सुनको हलो जनक बनेर
धानका वाला पुतली बनाऊ सीतालाई भनेर

धरतीभित्र सुनको घडा महले भरेको
नेपाली तर कंगाली बनी बिलौना गरेको
मथ हे, फेरि छहरा छाँगा थर्काई पहरा
बिजुली-पाला उचाली निस्कून् स्वर्गका अप्सरा

सल्लाको जस्तो देवल मेरो सातै र तलाको
कहाँ छ मेरो अलकापुरी नेपाली कलाको
लेख हे, फेरि पहरा खोपी किन्नरको जीवनी
शैलको काँधमा झुकाइदेऊ स्वर्गको इन्द्रिनी

१६ चैत्र २०१२

पसीना दाना स्यान्नानी !

पसीना दाना स्यान्नानी ! तिम्रो निदारमा
वसाऊँ सानू घरबार कोशी–किनारमा
यसै खेतमा झुलाउँला बाला पँहेली
धानको बाला थुतेर झुम्के पुतली
खेतै गोड्ने खेताली ! खोला–किनारमा
नाचौली मेरै आँगनमा दशैं तिहारमा
यही माटो मुछर इँटै बनाउँला
सातै– तले हवेली छिटै बनाउंला
सुर्की कुट्ने मुजुर्नी ! बाटा–किनारमा
पसौली मेरै खोपीमा सोह्रै शिंगारमा
यसै वनको काटुँला अग्लो सत्ती साल
काँकरी बियाँ खोपेर बनाउँला आँखीझ्याल
गाई हेर्ने गोठाली ! वनको किनारमा
हाँसौली मेरै झ्यालमा उजेली मुहारमा

१८ मार्ग २०१४

घिन् घिन् मादल काँ बज्यो कोशी-किनारमा
भाग्ये छैन स्यान्नानी ! तिम्रो निदारमा (लोकगीत)

साहसी जहाँ उभिन्छ धर्तीको त्यही माझै हो

सुन हे मेरी वहिनी, सुन हे मेरा दाजै हो!
भोलि र भोलि नभनी काम गर्ने वेला आजै हो

क्या राम्रो गुँड बनायो चैतमा दमाईँ चरीले
अलका–पुरी वनाऊँ नेपाली कारीगरीले
कुबेरका सन्तान भएर भीख माग्न खोज्नु लाजै हो
भोलि र भोलि नभनी काम गर्ने वेला आजै हो

चमरी– खर्क लेकैमा कामै र धेनु आइछन्
दूधै र कोशी गंगामा दूधका धारा ल्याइछन्
समय भन्ने रसलाइ पिउनुपर्ने ताजै हो
भोलि र भोलि नभनी काम गर्ने वेला आजै हो

मान्छेले आँटे के हुन्न, चन्द्रमा पनि भेटिन्छ
अभागी रेखा निधारको पसीना पुछी मेटिन्छ
साहसी जहाँ उभिन्छ धर्तीको त्यही माझै हो
भोलि र भोलि नभनी काम गर्ने वेला आजै हो

२४ ज्येष्ठ २०१८

मान्छेको दिल एक छेउ छुन बाँकी

आमाको दूध पिएको मैले छ भने दशधारा
उचाली उठ्छु काँधमा मेरै युगको अभिभारा

हरियो दुबो नसर्ने कुनै धर्तीको छैन माटो
मान्छेको घर नपुग्ने कुनै यात्राको छैन बाटो
म जहाँ जन्में– त्यो देशलाई उचाल्ने अभिभारा
उठेर हेर्छु संसार सारा यै उच्च चुलीद्वारा

जुन दिन हेर्‍यो त्यै दिन राम्रो घामको पैलो रेखी
यतिन्जेल केही भएन भने मैं थाल्छु ऐलेदेखि
म जैले जन्में– त्यै युगलाई उचाल्ने अभिभारा
एक छिन यहाँ उभिई हेर्लान् भोलिका सूर्य-तारा

जति नै राम्रो बनायो संसार झन् राम्रो हुन बाँकी
कतिले छोए मान्छेको दिल एक छेउ छुन बाँकी
म जस्तो जन्में– त्यै जस्तोलाई उचाल्ने अभिभारा
हिर्दय यौटै हुन्छ त सुन्दर, शिंगार्छ विश्व सारा

१० श्रावण २०१६

हिर्दय धरतीजत्रै विशाल

जीवन रच्तै जाग्रौंला हरेक हाम्रै काजमा
ज्योतिको खम्बा गाडौंला विश्वको यही माझमा

स्वदेश मात्रै हाम्रो हो– यो पनि हामी भन्दैनौं
विदेश मात्रै राम्रो हो– यो पनि हामी मान्दैनौं
हामीलाइ लाग्छ पियारो यै जन्मभूमि नेपाल
किन्तु छ हाम्रो हिर्दयं धरती–जत्रै विशाल

जिन्दगी फूलै फूल हो– यो पनि हामी भन्दैनौ
जिन्दगी भूलै भूल हो– यो पनि हामी मान्दैनौं
हार यो बायाँ पाउ होस्, जीत यो दायाँ पाउ होस्
हार र जीत दुवैले लैजाने यौटै ठाउँ होस्

संसार मात्रै सुखी होस्– यो पनि हामी भन्दैनौं
म यौटा मात्रै दुःखी हुँ– यो पनि हामी मान्दैनौं
अरूको जहाँ हित छ, त्यहीं नै हाम्रो हित होस्
कर्मको कोलाहलमै फैलेको हाम्रो गीत होस्

१६ आश्विन २०१५

एउटै तारा ताकेर

पर्ख हे साथी, म पनि आएँ सङ्गसँगै जाउँला
पोल्टाको खाजा छायाँमा बसी बाँडेर खाउँला

दशौटा बाटा मिसियून् आज एउटै थलामा
दिलका फूल गाँसियून् सारा एउटै मालामा
एउटै तारा ताकेर हामी नौलाख जाउँला
पर्ख हे साथी, म पनि आएँ सङ्गसँगै जाउँला

विदेशी को हो, बिरानु को हो एउटै धर्तीमा
गरीब को हो, अछूत को हो, एउटै मूर्तिमा
ईश्वरका सन्तान अँगालो हाली हाँसेर जाउँला
पर्ख हे साथी, म पनि आएँ सङ्गसँगै जाउँला

अरूलाई छली अगाडि बढ्नु उन्नति होइन
दुःखीको श्रम सोसेर साँच्नु संपत्ति होइन
मिलेर बन्धु बसौंला सारा बाँडेर खाउँला
पर्ख हे साथी, म पनि आएँ सङ्गसँगै जाउँला

१७ वैशाख २००७

यति राम्रो धर्तीलाई

होइन म– आकाशमा उड्ने आज उल्का
म हुँ मेरै हिमालको मिरमिरे झुल्का

वस्तिनँ म– शहरका घर अनगिन्ती
एक ढोका मलामी र अर्को ढोका जन्ती
मेरो वास– चार घर खोला वारिपारि
एकै काँको बाँडी खाने चार छिरा पारी

खोज्दिनँ म– झूटोलाई सत्य बनाउन
उदार भै आफ्नै काम फत्ते बनाउन
मेरो नीति– गोरेंटामा झुकी काँढा टिप्नु
को हो भनी चिह्न खोजे सहस्रमा छिप्नु

सक्तिनँ म– बिजुलीले अणुलाई चिर्न
सर्वनाशी विषकण बतासमा छर्न
मेरो शक्ति– पसीनाले फूल उमार्नुमा
यति राम्रो धर्तीलाई अझै शिंगार्नुमा

२ चैत्र २०१९

सुन्दर सुन्दरी : किन्नर किन्नरी

गण्डकीको किनारमा हामी सधैं गाउँछौं –सुन्दर सुन्दरी
वतासमा तैरिएर हामी सधैं आउँछौं –किन्नर किन्नरी
उकाली र ओरालीमा गर्छौं गाउँ बिंसी –सुन्दर सुन्दरी
नौलो भाका फेर्छौं हामी छहारीमा वसी
वन पाखा लोलाउने छहरामा घुसी
बेल्कीपख द्यौरालीमा एकै छिन बसी
जान्छौं हामी अलकाको नगरीमा पसी –किन्नर किन्नरी
परिश्रमी पहाडका हामी छोरा-छोरी –सुन्दर सुन्दरी
एकै गेडा तोरी झिक्छौं पहरालाइ फोरी
कुबेरको भण्डारमा हीरामोती जोरी
किरनको काँगियोले जुल्फे केश कोरी
चैत्ररथ बगैंचामा हिंड्छौं बाहाँ जोरी –किन्नर किन्नरी
कान्तिपुरी नगरीमा बस्छौं हिस्सी परी –सुन्दर सुन्दरी
कपालमा स्यूरिएर फूल गुन्केशरी
कस्तूरीको वासनाले मगमग परी
वइंसको मुस्कानमा प्रीति अजम्मरी
हिमालको धुरीमाथि पैलो झुल्कासरी –किन्नर किन्नरी

१४ चैत्र २०१६

इन्द्रधनु भिरेर काँधैमा

इन्द्रधनु भिरेर काँधैमा
धरती र स्वर्गको साँधैमा

सिर्जनाको गीत गाउँछन् माटो पानी मिली
बिरीबिरी रंग छर्छन् घाम छाया डुली
कतैतिर हिर्दयको कुना छ कि बाँझो
रङ्ग चढाई खैंचिदिन्छु इन्द्रेनीको ताँदो

पार्वतीको बैंस जसै बयेलीमा झुल्छ
शंकरको ध्यान अनि हिम्चुलीमा खुल्छ
वरि परि लगाएर बादलको रेखी
कुन्जद्वारमा उभिन्छु म इन्द्रधनु टकी

हिर्दयको कुबेर हुँ, सिर्जनाको धनी
रङको बिस्कुन सुकाउँछु हिमालको मनि
कालो छाया पार्न खोजे सुन्दरको देशमा
वज्र--वाण छोडिदिन्छु गजी रुद्र-रोषमा

१७ वशाख २०१४

वर्ण छैन, छौं पातला छाया

ग्रह ताराभन्दा तल धर्तीभन्दा माथि
अन्तरिक्षतिर वस्ने हामी यक्ष–जाति

छायापथमा घुम्ने हाम्रो गन्धर्वको नगर
टेक्ता–खेरि नटेकिने देख्ता– खेरि सुन्दर
बादलका मूल ढोकामा विजुलीका ठेडी
हाम्रो देश हान्ने कल्ले विश्वयुद्ध छडी

हाम्रो भेष, वस्त्र हैन– ऋतु राम्रो बाना
हाम्रो भाषा, बोली हैन– किन्नरको गाना
कालो गोरो वर्ण छैन– छौं पातला छाया
केलाइ गर्छौं घृणा तिमी, केलाइ गर्छौं माया

हामीकहाँ नवैलिने पारिजातको फूल छ
त्यै फूलको कान्तिजस्तै कोमल हाम्रो दिल छ
हामी आउँछौं सपनीमा तिमीलाई हर्न
छायापथमा उचालेर व्योमविहार गर्न

२५ वैशाख २०१३

मान्छे मारी मान्छेको बढाइँ !

धरतीमा हे दाजु ! नगर लडाइं
मान्छे मारी मान्छेको बढाइँ !

आज जल्छ झोपडी, गल्ली अँधेरो
धोई धोई सिन्दूरै रातो पँधेरो

आज शून्य नगरी, शून्य देवल
रुन्छ नरदेवीको मूर्ति भलभल

आज रक्त-विन्दुले मट्टी कुहियो
स्वर्गबाट शान्तिको तारा तुहियो

१२ आश्विन २०१९

कल्लाई भेट्न आउलान् वीर

खुँडाको धार ढुंगामा घोटी कसले शान लायो
किर्किरे स्वरले बत्तीसै दन्त कर्करी खान लाग्यो

बतासमा कहीं वहेझैं लाग्छ बारुदको पीरो गन्ध
कस्तूरी बास्ना बहने देशमा के भयो श्वास बन्द

यो क्रान्तिपुरको मन्दिरैभित्र ढुंगाको मूर्ति रोयो
शिरैको सिन्दूर आँसुले धोई पहाडको पीर्ति रोयो

फूलैको चिनु वैलाइजाला मायाको दुवारैमा
कल्लाई भेट्न आउलान् वीर टेकेर अंगारैमा

१२ कार्तिक २०१३

भूल पार्‍यो उज्यालाले

ऐना–झ्यालको पुतलीलाइ उड्ने बाटो छैन
भूल पार्‍यो उज्यालाले, अँध्यारोले हैन

पैलेभन्दा फूलबारीको ऐले राम्रो कान्ति
बाहिर देख्ने अइनाले भित्र पार्‍यो भ्रान्ति

पुतलीलाइ लघारेर पुतली नै उड्यो
कठै आफ्नो पीरतिको सुतली नै चुँड्यो !

यो रमिता हेर्नुभन्दा ऐना–झ्यालमा वसी
विलाइजानु जाती वरु वाहिर आफूखुशी

७ कार्त्तिक २०२१

क्षमा गर्न सक्तिनँ म

सारङ्गी त रेटे पनि बोल्छ मीठै ध्वनि
मैँ कसरी मधुर बनाऊँ निठुरलाइ पनि

गाली गरूँ, आफ्नै बोली अपवित्र हुन्छ
यसै वसूँ, असत्यको त्यसै जीत हुन्छ
मूर्च्छा परी बर्बराउँछिन् सरस्वती पनि
सारङ्गी त रेटे पनि बोल्छ मीठै ध्वनि

पैलो गल्ती रमाइ-रमाइ, दोस्रो गल्ती रोई
यो पापमा नमुछिने छैन मान्छे कोही
क्षमा गर्न सक्तिनँ म आफैंलाई पनि
सारङ्गी त रेटे पनि बोल्छ मीठै ध्वनि

मैँ रमिता हेरिरै'छु– रेटिंदै छ आत्मा
को हत्यारा भनूँ खोइ, रगत छैन हातमा
किन आज डराइरै'छु मरें भन्न पनि
सारङ्गी त रेटे पनि बोल्छ मीठै ध्वनि

१६ मार्ग २०२१

मोल राख्ता राख्तै तिमी

पश्चिम रुन्छ महाकाली, पूर्व रुन्छ मेची
जब तिमी रमाउँछौ आफ्नै आत्मा बेची

मोल राख्ता राख्तै तिमी बन्छौ यति सस्तो
जहाँ किन्यो त्यहीँ अह्रो, त्यसै फ्याँकूँ जस्तो

आजै तिमी नबेचिए आफैंलाई मोली
त्यल्ले कहाँ बिझने हो जसको छैन भोलि

तिमी आफ्नो समयको आफैं बन स्वामी
नेपाली हे, हिम्चुली झैं सधैं ऊर्ध्वगामी

५ चैत्र २०२१

प्रतिविम्ब बस्छ हामीलाई पर्खी

आजभन्दा भोलि राम्रो, भोलिभन्दा पर्सि
हाम्रै प्रतिविम्व बस्छ हामीलाई पर्खी

त्यो बाटोमा जान्नौं हामी– जाँदा जाँदै बन्द
जहाँबाट आउँदैन नौला फूलको गन्ध
कल्लाइ लिन जाऔं कहाँ, आफू यहीं बिर्सी
आजभन्दा भोलि राम्रो, भोलिभन्दा पर्सि

यो हिमालमा गाउँदैनौं हामी यस्तो गीत
'तिमी मात्र उच्च हजुर, हामी चाहिं नीच'
किन भाक्नु आफूलाई आफै पानी पर्शी
आजभन्दा भोलि राम्रो, भोलिभन्दा पर्सि

यो हिमालको काँध चढ्ने यै हिमालको शिखर
आफूभन्दा आफैं महान् बन्ने हाम्रो रहर
आफैंलाई वरण गर्छौं : दहि अछेता छर्की
आजभन्दा भोलि राम्रो, भोलिभन्दा पर्सि

१७ भाद्र २०२१

प्रतिध्वनि डाक्छ हामीलाई गर्जी

हार मानी जब हामी जान खोज्छौं फर्की
हाम्रै प्रतिध्वनि डाक्छ हामीलाई गर्जी

पहरामा अक्षर खोप्न उचालेथ्यौं छिनु
कलेजीमा कोरिएछ नमेटिने चिनु
मान्छेहरू गाउँदै छन् यहाँ हाम्रो कीर्ति
हाम्रै प्रतिध्वनि डाक्छ हामीलाई गर्जी

पहाडबाट किरन झैं नछिरेको हैन
विजुली झैं अन्धकार नचिरेको हैन
घामको रेखी हट्छ कहाँ छायादेखि तर्सी ?
हाम्रै प्रतिध्वनि डाक्छ हामीलाई गर्जी

यो वाटोमा लाख लाख पाइलाको छाप
लगातार हिंड्न भनी ला'को सहीछाप
आफ्नो पाइला आफैं मेट्तै जान्नौं पछि फर्की
हाम्रै प्रतिध्वनि डाक्छ हामीलाई गर्जी

१७ फाल्गुन २०२१

भनूँ कि म अभिव्यक्ति महान्

ढुङ्गा छोई मूर्ति हजुर, मूर्ति छोई मुस्कान
हेर्दा हेर्दै हिम्चुलीमा भए जस्तै विहान

मानिसकै मुस्कान जसै लाग्छ अमर जस्तो
त्यसै बेला मेटिदिन्छ मृत्यु निठुर कस्तो
निठुरमै चोट हानी मधुरको निशान
ढुङ्गा छोई मूर्ति हजुर, मूर्ति छोई मुस्कान

बोलीबाटै बोलीपारि पुग्न मैले जानें
यै धर्तीमा स्वर्गलाई सुसेलीले तानें
तपस् मलाइ विश्राम बन्यो, विपत् मलाइ वरदान
ढुङ्गा छोई मूर्ति हजुर, मूर्ति छोई मुस्कान

ढुङ्गाबाट मुस्कुरायो कति मीठो मूर्ति
कलाकार हेरिरै'छ छिनु हान्न बिर्सी
व्यक्ति महान् भनूँ कि म अभिव्यक्ति महान्
ढुङ्गा छोई मूर्ति हजुर, मूर्ति छोई मुस्कान

७ आश्विन २०२१

आफैंलाइ गरूँ वरण !

त्यसरी होस्रोस् मरण
जसरी सुत्छन् तारमा गीतका चारु चरण

हिमालचुली – देशमा
दिनको शान्त शेषमा
जसरी गर्छन् विश्राम सूर्यका स्वर्ण किरण
त्यसरी होस्रोस् मरण
सुन्दर सृष्टि निहारी सुखैले चिम्लूँ नयन

बिहानीपख रातको
कुसुम पारिजातको
जसरी जान्छ झरेर भुइँमा विनापवन
त्यसरी होस्रोस् मरण
मुटुमा चोट नपरी टुटेर जास्रोस् बन्धन

बादलको सेता राशमा
दुइटा मूर्ति पासमा
जसरी शिर नुहाई स्राफैंमा हुन्छन् स्रर्पण
त्यसरी होस्रोस् मरण
स्रमरापुरी सभामा स्राफैंलाइ गरूँ वरण !

२१ आश्विन २०१६

फेरि फेरि जन्म यहीँ भए !

फेरि फेरि जन्म यहीँ भए कस्तो हुन्थ्यो
सृष्टिसित ईश्वर सधैं बहे जस्तो हुन्थ्यो

फूल फूलमा मुस्कुराउँदै वैशाख फक्र्यो कस्तो
यो छाँटले मुस्कुराउन पोहोर बिर्स्यो जस्तो
भोलि आउने जोवन हाम्रै भए कस्तो हुन्थ्यो
सृष्टिसित ईश्वर सधैं बहे जस्तो हुन्थ्यो

सारङ्गीको तारैभित्र सुन्छु रुनझुन कस्तो
शरीरपारि नरनारी गर्छन् गुनगुन जस्तो
भोलि गाउने गीत हाम्रै भए कस्तो हुन्थ्यो
सृष्टिसित ईश्वर सधैं बहे जस्तो हुन्थ्यो

जति वार हेरे पनि मुस्कान सुन्दर कस्तो
जुग बित्यो भेट भा'को तर भर्खर जस्तो
भोलि लाउने माया हाम्रै भए कस्तो हुन्थ्यो
सृष्टिसित ईश्वर सधैं बहे जस्तो हुन्थ्यो

८ आश्विन २०२२

मैं गाउँछु मर्त्यको महिमा

बास देऊ, बारंबार भइँमा– मैं गाउँछु मट्टीको महिमा
फूल चोरी लगिसक्यो काग निठुरीले
रित्तै गुँड कोरल्छ रे कठै कुखुरीले
सत्यभन्दा पनि ठूलो ममताको भूल
त्यै भूलमा भुल्भुलाउने सिर्जनाको मूल

जन्म देऊ, बारंबार भइँमा– मैं गाउँछु आमाको महिमा
बाह्र बर्ष बर्त बस्छिन् सुन्केशरा रानी
राजकुमार आउँछ भनी कता कता जानी
राक्षसको आँखातिर लामो घुम्टो तानी
असुन्दरलाई छल्ने सुन्दरको बानी

बैंस देऊ, बारंबार भइँमा– मैं गाउँछु प्रीतिको महिमा
आज राति अँधेरीमा सुन मेरी प्रिया !
को हो रुने कठैबरि ! लाग्छ मलाइ दया
हाम्रो छोरो हैन भनी किन बनूँ निष्ठुर
हिर्दयको प्रश्नलाई चाहिंदैन उत्तर
मृत्यु देऊ, बारंबार भइँमा– मैं गाउँछु मर्त्यको महिमा

१० श्रावण २०१९

जुनसुकै देश, जुनसुकै कालमा

पीरति सुन्दर जुनसुकै देश, जुनसुकै कालमा
मधुर ध्वनि बाँसुरी बज्छ हरेक प्वालमा

सातै र रङ्ग बौरिन्छन् सधैं धर्तीको माटामा
अमृत रस रसाउँछ सधैं सृष्टिको आँतमा
त्यै हरियाली लहलहाउँछ दूबाको जालमा
धरती सुन्दर जुनसुकै देश, जुनसुकै कालमा

कहिले राम्रो– पलपल रङ्ग बदल्ने बादल
कहिले राम्रो– ताराले भरी आकाश निर्मल
सृष्टिका मुद्रा सार्थक सारा हरेक चालमा
आकाश सुन्दर जुनसुकै देश, जुनसुकै कालमा

कोमल कान्त, सरल शान्त छ भने हिर्दय
सद्‌भावनाले मानिस गर्छ संसार विजय
प्रथम सृष्टि खिलेको थियो कमल–नालमा
मानिस सुन्दर जुनसुकै देश, जुनसुकै कालमा

विजया दशमी, २०१८

मानिस जस्तो अमर मैले देखिनँ

यो छाया छवि क्यै हैन भन्न सक्तछु मैं पनि
सुख र दुःख संचित गर्छु यत्नले तैपनि

टिपूँ त भने, शीतको थोपा तर्केर खस्छ कि
नटिपूँ भने, प्रभाती किरण चर्केर सोस्छ कि
मै दुविधैमा समाधिमग्न बन्दछु तैपनि
सिर्जना जस्तो सुन्दर मैले देखिनँ क्यै पनि

सहस्र पत्र कसरी धान्छ फूलको बन्धन
त्योभन्दा अझै हलुका होला दिलको बन्धन
पहिल्यै प्यारले जिन्दगीभरि बाँधिन्छु तैपनि
हिर्दय जस्तो मधुर मैले देखिनँ क्यै पनि

ताराले भन्दा विश्वमा बढी के देख्न सक्छु म
किरनले भन्दा फूलमा नौलो के लेख्न सक्छु म
अमरावती शून्यमा रच्न चाहन्छु तैपनि
मानिस जस्तो अमर मैले देखिनँ क्यै पनि

२० आश्विन २०१८

हिमालमा गाउँदै हिड्ने किन्नर

हिमालमा गाउँदै हिड्ने किन्नर हुन पाएँ
मर्त्य हुन आएँ भन्दा अमर हुन पाएँ

सातै पत्र कैलाशमा उचालेको देश
देश हैन– शान्त शीतल एकान्त हो शेष
यै शेषमा वसी मैले सगर छुन पाएँ
मर्त्य हुन आएँ भन्दा अमर हुन पाएँ

सगरमाथा शिखरमा पैलो पैलो झुल्का
झुल्का हैन– जैले पनि नौलै नौलो झल्का
यै झल्कामा भुलभुलाउने नजर जुन पाएँ
मर्त्य हुन आएँ भन्दा अमर हुन पाएँ

आठै प्रहर सुसाउने झर्ना झरझर
झर्ना हैन– अनाहत संगीतको सुर
यै सुरको समाधिमा मधुर हुन पाएँ
मर्त्य हुन आएँ भन्दा अमर हुन पाएँ

२९ वैशाख २०२१

किन्नरी हामी : किन्नर हामी

हिउँको यही खोपीमा पर्खी – किन्नरी हामी हो हो
मिर्मिरे झुल्का जीउमा छर्की – किन्नर हामी हो हो
शिंगार गर्छौं, शिंगार गर्छौं

घामको रेखी कसरी हालूँ – किन्नरी हामी हो हो
सुन्दर दिन कसरी थालूँ – किन्नर हामी हो हो
विचार गर्छौं विचार गर्छौं

मंगल घट कटिमा बोकी – किन्नरी हामी हो हो
सुनको वंशी द्वारमा फुकी – किन्नर हामी हो हो
पुकार गर्छौं, पुकार गर्छौं

गाउँदै एकै स्वरमा गीत – किन्नरी हामी हो हो
धर्तीका सारा सन्तान सित – किन्नर हामी हो हो
विहार गर्छौं, विहार गर्छौं

आजको सुन्दर दिवसलाई – किन्नरी हामी हो हो
जीउन जान्ने मानिसलाई – किन्नर हामी हो हो
पियार गर्छौं, पियार गर्छौं !

७ कार्तिक २०१५

किन्नरी

उत्तरार्ध

टिप्पणी

दिलै र छोए के हुन्छ कुन्नि

धूलै र छोऊँ नि फूल भइदिन्छ
फूलै र छोऊँ नि दिल भइदिन्छ
दिलै र छोए के हुन्छ कुन्नि,– मैं परें अलमल !

घाम र छायाले पलै र पल–
बदली रङ्ग नि थलै र थल– सुन्दर हजार
जुन ठाउँ पुग्छु नि त्यै रमाइलो
घरवार सानु बसाऊँ किन्तु,– कुन नदी-किनार

सासै र फेर्दा नि रूपै र फेर्ने
रूपै र फेर्दा नि झन् हिस्सी पर्ने– कैलासकी किन्नरी
जुन दिन देख्यो त्यै दिन राम्री
यो जुनीलाई जुराऊँ किन्तु,– कुन दिनकी किन्नरी

३ आषाढ २०१६

नभन्न सक्ने यसैको, तैपनि कसैको

बनाइद्यौ मलाइ मुरली
काटेर निगाली
गाउँदै हिँड्छु गाउँबिँसी उकाली ओराली

फागुने फूल नफुल्दै
पुतली नडुल्दै
ऋतुको मगमग वासना गीतैमा निकाली
गाउँदै हिँड्छु गाउँबिँसी उकाली ओराली

न भन्न सक्ने यसैको
तैपनि कसैको
रूपैको झल्झल संझना गीतैमा सँगाली
गाउँदै हिँड्छु गाउँबिँसी उकाली ओराली

चौतारीमाथि छायालाइ
ओतारी मायालाइ
हातैले नछोई लैजाउँला गीतैले उचाली
गाउँदै हिँड्छु गाउँबिँसी उकाली ओराली

१४ पौष २०२१

त्यो देशमा जान्नँ म त

पैलो झुल्का हिम्चुलीमा उठ्छ आँग भाँची
यो देशमा लाली जोवन बस्छ सधैं वाँची

वातै पनि गीत बन्छ प्रीति बोलेपछि
मादलको तालै मिल्छ बैँस डोलेपछि
छाया पनि आउँछ यहाँ गीतैसित नाँची
यो देशमा लाली जोवन बस्छ सधैं वाँची

त्यो देशमा जान्नँ म त जहाँ जीवन छैन
वदनले बोल्न खोज्दा मुस्कुराउने छैन
घाम पनि आउँछ यहाँ फूलको मुस्कान वाँची
यो देशमा लाली जोवन वस्छ सधैं वाँची

२१ कार्तिक २०२२

किन्नरीलाई देखें एकै पालि

लाँकुरीको रूखैमाथि बेलुकाको लाली
कैलासकी किन्नरीलाइ देखें एकै पालि

दिनभरि वन डुली आफैं थाके जस्ती
भित्रैबाट भकभकी रूपैं पाके जस्ती
साँझको लाली राखे जस्ती मानिसमा ढाली
कैलासकी किन्नरीलाइ देखें एकै पालि

धौरालीको बिसौनीमा अलि बेर बसी
तिनी गइन् पर्वतको गाउँभित्र पसी
अनि अल्प्यो हिम्चुलीका बेलुकाको लाली
कैलासकी किन्नरीलाइ देखें एकै पालि

मानिसको मुखै हेरी रङ्ग चढ्ने साँझमा
यौटा मूर्ति मुस्कुराउँछ मेरो मनको माझमा
मेरो देशमा बैंस चढ्छ तिनकै कान्ति वाली
कैलासकी किन्नरीलाइ देखें एकै पालि

१९ वैशाख २०१५

दिलैलाई— छूँ छूँ छुन सकिन

यो छाया वनैकी
मैँ पनि उनैकी— हूँ हूँ हुन सकिन

इन्द्रेनीले पानी पियो खोलातिर झुकी
उनीलाई चियाऊँ कि ? उनैदेखि लुकी
इन्द्रिनी थोपैलाइ
मैँ पनि रूपैलाइ— प्यूँ प्यूँ प्यून सकिन

फूलको थुङ्गो छूँ कि नछूँ माहुरीको रानु
मन पर्छु कि पर्दिन म, मैँ कसरी जानूँ
माहुरी फूलैलाइ
मैँ पनि दिलैलाइ— छूँ छूँ छुन सकिन

रोई रोई कति मीठो सारङ्गीको स्वर
मेरो मनमा पनि हजुर ! त्यस्तै भाका भर
सारङ्गी तारैमा
मैँ पनि प्यारैमा— रूँ रूँ रुन सकिन

६ ज्येष्ठ २०२१

कोही भेट भए हुन्थ्यो

चौबन्दीको दौरा मेरो देब्रे तिर तुनु
यो तुनामा बाँधी हिंडूँ कुन फूलको चिनु

गोलैंचीको छाहारीमा को आएर बस्यो
रूखको फूल खस्यो कि यो शिरको फूल खस्यो

आजभोलि एक्लासमा शून्ये शून्ये लाग्छ
कोही भेट भए हुन्थ्यो भन्ने भन्ने लाग्छ

वनदेवी भनूँ कि म मनदेवी भनूँ
यो छायामा संझिनेलाइ कुन देवी भनूँ

धरतीको वास्ना सऱ्यो गोलैंचीको फूलमा
पीरतिको वास्ना सारी गोठालीको दिलमा

२७ ज्येष्ठ २०११

माया लाग्छ मलाई नभेटेरै पनि

सप्ना बन तिमीलाइ निँदरीमा देखूँ
बिम्झिएर त्यही तस्वीर कलेजीमा लेखूँ

आधा रातमा वीणा बज्छ नरेटेरै पनि
कसको माया लाग्छ मलाइ नभेटेरै पनि

रातभरि झिमल झिमल सिमलचरी रुन्छ
छलिएको दिलको साथी कैले भेट हुन्छ

चैते तारा जूनसाथ उदाछँछ आज
त्यही तारा शिरमा राखी निदाऊँ कि आज

२७ चैत्र २०१९

आउन्न जोवन फेरि फेरि

कुन गीत म गाऊँ
कुन नींद जगाऊँ – चैतैको मीठो बाँसुरीमा
अनजान सुन्दरी
पीरतिमा नपरी – परिहुन् गैरो नींदरीमा
कुन देश म जाऊँ
कुन झ्याल चियाऊँ – चैतैको मीठो चाँदनीमा
निष्कलङ्की मुखमा
बालापनको सुखमा – हाँसेको हेरूँ सपनीमा
कुन फुल छोड्यूँ
नौलो वास्ना फोड्यूँ – चैतैको मीठो बतासैमा
शयनको पासमा
वसी शीतल श्वासमा – संझना भरूँ सुवासैमा
चाँदनीको रात यो
पिइद्यूँ कि मात यो – गीतैको भाका फेरी फेरी
हिर्दयको मनि यो
भरिद्यूँ कि ध्वनि यो – आउन्न जोवन फेरि फेरि

११ चैत्र २०१३

हिउँगोरी मेरीलाई

जेठको दिनैमा
गाई हेर्छिन् गोरी गिरिवनैमा

जेठ जाँदो असार लाग्दो बेला पनि उस्तै
बैंस लागिसक्ता पनि बाला-पन उस्तै

कस्तूरीका नजर झैं चिल्ला चिल्ला आँखा
पैले पनि देखें मैले सपनीमा काँ काँ

गुराँस जस्तो मुहारैमा हिम्चुलीको छाया
सुकुमारी मुखै देख्ता लाग्छ मलाइ माया

हिउँगोरी मेरीलाई क्वै हेर्छ कि चोरी
लुकाइदिन्छु यैं लेकमा बादलले घेरी

२९ ज्येष्ठ २०१९

पुतली हैन, खेताली मेरी

धानैको वाला थुतेर कल्ले बनायो पुतली
पुतली हैन, खेताली मेरी पँहेली पातली

भदवै मास जो बास्ना चल्छ धानको पातको
त्यो बास्ना चल्दा संझना हुन्छ– कलिलो गाथको
कुन वालापन भर्खरै होलिन् बैंसमा डोलेकी
हिस्सीको लहर शरीरैभरि वयेली खेलेकी

असौजै मास जो वास्ना चल्छ धानको फूलको
त्यो वास्ना चल्दा संझना हुन्छ– मधुर दिलको
कुन प्रीति होलिन् पहिलो पालि हिर्दय उडेकी
दशैंको जून मुस्कुराउँदा नींदले छोडेकी

कात्तिकै मास जो वास्ना चल्छ धानको वालाको
त्यो वास्ना चल्दा संझना हुन्छ–किसानी वालाको
कुन अन्नपूर्णा आलीमा होलिन् मैंलाई पर्खेकी
लाजको भारले, मग्मग प्यारले लरक्कै लर्केकी

१७ आश्विन २०१४

माया गर्न आफैंसित सिकी

फेवातालमा पानी भर्न निहुरिँदाखेरि
आफ्नै मुखको छाया हेरी छक्कै परिन् गोरी

बादल पनि बग्छ यहाँ आकाश पनि दग्छ
यौटै मुहार हजार हजार लहरले लग्छ
बगाइ बगाइ लहरैले छाया उही थिर
फकाइ फकाइ सपनीमा नलैजाने पीर

गोरी जान्छिन् पानीबाट मुखको छाया झिकी
अरूलाई माया गर्न आफैंसित सिकी
फेवातालको सँग्लो पानी, छैन केही चिनु
माछापुच्छ्रे चियाउँछ के छ भनि दिन्हुँ

२९ कार्तिक २०११

तिम्रा स्वर भरिदेऊ रित्याएर मलाई

हिमचुली कैलासमा कति राम्रो झुल्का
त्यहीँ तल पखेरीमा घुरुधुरु घल्चा

पँधेर्नीको घैला भऱ्यो मूलधाराको जलले
हिर्दयका रित्ता स्वर भऱ्यो किन्तु कल्ले

आधा पानी बाँकी राखी आधा पानी पोखी
घुरुघुरु फेरि सुन्दा– कुनै पुरुष हो कि ?

एकै फाँकी गीत गुन्छे पँधेर्नी त्यो टोलाइ–
'तिम्रा स्वर भरिदेऊ रित्याएर मलाइ'

८ वैशाख २०१२

यो गीत मैले गाएको हैन

तिर्खाकी पानी, चैतकी रानी वाटामा भेटेको
यो गीत मैले गाएको हैन, थकाइ मेटेको

चौतारी सानु, सिर्सिरे हावा, बतासे डाँडाको
पसीना धारा काढेर आएँ वटुवा टाढाको

पहाडी नानी, घैंटामा पानी लिएर वसेकी
तिर्खाको वेला, स्वर्गकी गंगा भुइंमा खसेकी

कि पानी मीठो उवाई खा'को हरियो पातले
कि पानी मीठो सारेर ल्या'को कलिलो हातले

घामको वाटो, दुःखको मेलो, दिनभर डुलाउँछ
बीचको छाया, विरानु माया छिनभर भुलाउँछ

१५ चैत्र २००३

बाटो छिटै सकिन्छ कि

तिमी पनि सखी उस्तै, म पनि त उस्तै
बाटो छिटै सकिन्छ कि ! – जाऊँ सुस्तै सुस्तै

दो बाटोमा दो मन भो कता लागूँ भनी
तिमी अघि लागिदेऊ जता लागे पनि
तिमी पनि एक्ली उस्तै, म पनि त उस्तै
बाटो छिटै सकिन्छ कि ! – जाऊँ सुस्तै सुस्तै

बात मारौं– यै बाटामा फुल्ने वन–फूलको
यौटै फूल रुचाउने चिनापर्ची दिलको
तिमी पनि नौली उस्तै, म पनि त उस्तै
बाटो छिटै सकिन्छ कि ! – जाऊँ सुस्तै सुस्तै

बाटो राम्रो दुइ साथी, भेट राम्रो पीर्ति
हिर्दयलाइ भेट्राउने हो घुमे पनि धर्ती
तिमी पनि यात्री उस्तै, म पनि त उस्तै
बाटो छिटै सकिन्छ कि ! – जाऊँ सुस्तै सुस्तै

२१ भाद्र २०१९

बालापन बिट्टुल्छ कि ! सिँदूरैले पनि

बसी राम्रो द्यौराली त हेरी राम्रो हिउँ
मुखै हेर्दा माया लाग्ने पऱ्यो कस्तो जिउ
माया मनमा पनि, छ कि छैन भनी – मैँ सोधूँ कसरी

भेला राम्रो सँगीसाथी, वेला राम्रो बैँस
हिजै देखेँ सपनीमा आज भेट्नु रै'छ
हुन माया लाग्छ नि ! छुन माया लाग्छ– मैँ छोऊँ कसरी

साँची राम्रो बइँसै त, वाँची राम्रो जुनी
बालापन विट्टुल्छ कि ! सिँदूरैले पनि
दिलको माया दिलमै, फूलको छाया फूलमै– सधैँभरि सुन्दरी

१४ मार्ग २०२६

हेरी रूप पुण्य हजूर !

कान्तिपुरी नगरीमा देखें मान्छे यौटा
उमेर भनूँ कुमारी त, रूप भनूँ द्यौता

मुहारको हिस्सी हजुर, शिँगार भन्न हुन्न
प्रसन्न भै मुस्कुराउनु पियार भन्न हुन्न

पाप लाग्छ यो रूपले माया गरे पनि
रूपाताल छचल्किन्छ छाया परे पनि

हेरी रूप पुण्य हजुर, छोई रूप पाप
किरनले छोए पनि शीत बन्छ वाफ

दिलभन्दा अर्को के छ मान्छे भन्ने चिनु
दिल चढाउन हुन्न भने फूल चढाइदिनू

१६ आश्विन २०२४

यो छायामा आऊँ आऊँ लाग्छ

यो वेलामा, यो छायामा आऊँ आऊँ लाग्छ
यौटा माया सुसेलीमा गाऊँ गाऊँ लाग्छ

आज राति सपनीमा मैले देखें कस्तो
त्यो मनमा छ कि छैन, यो मनमा जस्तो

सोधूँ भने, डर लाग्छ, केही भन्ने ह्वौ कि
न सोधूँ त, रोई रोई बसेकी पो छौ कि

यो मनमा दो मन भो, कल्लाइ गई कहूँ
सुसेलीमा भाका हाली भन्छु– तिम्रै म हूँ

१९ फाल्गुन २००६

यही फूल वैलेपछि

अब तिम्रो गोरेँटामा फेरि आउने छैन
भाका हाली सुसेलीमा फेरि गाउने छैन

तिमीलाइ सुनाऊँ भने– यसै खेर जान्छ
कसैलाई नसुनाऊँ– त्यसै खेर जान्छ
यही गीत विर्सेपछि अर्को गाउने छैन
अव तिम्रो गोरेँटामा फेरि आउने छैन

यौटा फूल टिपी, ल्याएँ तिमीलाइ भनी
अर्को फूल शिरमा लाएँ आफैं मैले पनि
यही फूल वैलेपछि अर्को लाउने छैन
अब तिम्रो गोरेँटामा फेरि आउने छैन

कस्तो बानी बस्यो मलाइ एक्लै एक्लै डुल्ने
अरूलाई संझी संझी आफैंलाई भुल्ने
यही मा॰ मरेपछि अर्को पाउने छैन
अब ॰म्रो गोरेँटामा फेरि आउने छैन

७ चैत्र २००६

आज मुस्कान -- बोली चाहिँ भोलि

कति राम्रो – अलि अलि ढल्किएको छाया
अति राम्रो – अलि अलि पल्किएको माया

कति राम्रो – मिर्मिरेमा उदाउने किरन
अति राम्रो – चोरी चोरी चियाउने नयन

कति राम्रो – माछापुच्छ्रे दुतियाको जूनले
अति राम्रो – न्यूरिएर मुस्कुराको उनले

कति राम्रो – शहनामा बुझूँ बुझूँ बोली
अति राम्रो- आज मुस्कान बोली चाहिँ भोलि

१६ चैत्र २००६

हो पनि, हैन पनि

हो पनि, हैन पनि
मुस्किने ओठ, झस्किने नैन पनि !

आज हिंड्छिन् गोठालिनी गोरेँटामा न्यूरी
वैशाखको वनफूल कपालमा स्यूरी

हो कि हैन जस्तो हाँसो अधरैमा रोकी
अधरको हाँसो रोकी नजरैमा ज्योति

हाँसो लाग्छ त्यसै पनि वइँसको वेला
तिनी त्यसै मुस्कुरा'को नहोला कि होला ?

मुस्कानको रहस्य त्यो भन्न हुन्न हेर
भन्यो भने शिरको फूल झर्छ वैलिएर

१४ चैत्र २०१६

छाया पनि भिमल भिमल हुन्छ

चैतै मासको वतासले पीपल पीपल हुन्छ
आज–भोलि छाया पनि भिमल भिमल हुन्छ

वतास फर्क्यो, पात फर्क्यो, चैतै पनि फर्क्यो
फर्कन्थ्यो कि परदेशी ? घरकै बाटो विर्स्यो
सालघारीको न्याउल चरी न्याउल न्याउल रुन्छ
आज–भोलि छाया पनि भिमल भिमल हुन्छ

झारमा हो कि फूलमा हो कि दिलमा हो कि कसमा
चारैतिर चलिरै'छ अचम्मको वास्ना
कस्तूरीको मिर्ग आफैं पागल पागल हुन्छ
आज–भोलि छाया पनि भिमल भिमल हुन्छ

वतासमा बाँसुरीमा हिर्दयमा काँ काँ
गीतको गेडा नछुट्टिने कति मीठो भाका
यै भाकामा एक दिल भाकल भाकल हुन्छ
आज–भोलि छाया पनि भिमल भिमल हुन्छ

३ वैशाख २०२१

सुख पनि कस्तो कस्तो, रुन मन लाग्ने

वैशाखका दिन लागे मात लागे जस्तै
मेरो मन वतासको साथ लागे जस्तै

जाई फूल, जुही फूल– कुन फूल डुली
फिलफिले पुतलीले सिलसिला भुली
भूलै भूलमा फूलै फूल हात लागे जस्तै
वैशाखका दिन लागे मात लागे जस्तै

कालो कालो परेली जो वाटिएर आयो
वालापन वइँसमा साटिएर आयो
गजली जो टोलाउँछिन् वात लागे जस्तै
वैशाखका दिन लागे मात लागे जस्तै

सुख पनि कस्तो, कस्तो रुन मन लाग्ने
आफूसित जो भएको दिन मन लाग्ने
फूलै फूलमा दिलै दिल खात लागे जस्तै
वैशाखका दिन लागे मात लागे जस्तै

१ चैत्र २०२०

आफू भन्नु दुःख रै'छ, आफ्नो भन्नु सुख

दर्पनमा हेर्दा हेर्दै आफ्नै मुखको छाया
आफूलाइ दया लाग्छ उनीलाइ माया

आफ्नै रूप हेरी हेरी आएँ जब थाकी
चैते साँझको जून जस्तै तुवाँलाले ढाकी
'आफू' भन्नु दुःख रै'छ, 'आफ्नो' भन्नु सुख
उनीलाइ कस्तो लाग्छ यही मेरो मुख

नजर बर्से– उभियूँला सिर्मिरेकी झुल्का
नजर फर्के– निभिजाउँला लाली जस्तै बेल्का
उनीलाइ मन पर्ने के शिगार गरूँ
आफूलाइ रित्याएर उनैलाइ भरूँ

७ बैशाख २०१२

निरिमाया हुनुभन्दा

यो साँझमा आज कोही आउँछ जस्तो लाग्छ
आउनुपर्ने छैन कोही, किन यस्तो लाग्छ

जहाँ जे छ, छाया तानी त्यहीं वास बस्यो
बादलको लाली पनि बादलभित्र पस्यो
खोल्साबाट बोलाइरैं'छ किन्तु मूल धारा
त्यै सुने झैं उदाइरैं'छ शिखरको तारा

एक छाया उभिरैं'छ रूखमनि पर्खी
विहानीमा को गयो र बेल्की आउँछ फर्की
मेरो प्रिय ! आउँदैनौ मैं कसरी भनूँ
निरिमाया हुनुभन्दा विरहिनी वनूँ

१७ चैत्र २०२५

डाँडापारि कहाँ होला !

नदीवारि तरिसक्यो पर्वतको छाया
गोरेँटामा अझै पनि देखिदैन माया

आकाशको कैलो बादल कहाँ वास बस्ला
कुन साँझमा नौलो प्रीति घरभित्र पस्ला
झ्याउँकिरी वासिसक्यो बनको किनारैमा
कल्ले बत्ती बालिदेला मनको दुवारैमा

शिखरमा हाँसिसक्यो उदयको तारा
डाँडापारि कहाँ होला हिर्दयको प्यारा

१६ वैशाख २००६

संगीतको संसारमा कहाँनेर बिझूँ

झम झम पानी पर्‍यो असारको रात
वारीवाट वज्न लागे मकइका पात

जुन्किरीमा झल्याक झुलुक वलेंसीको धारा
कहाँ होला डाँडामाथि झुल्किएकी तारा

संगीतको ससारमा कहाँनेर बिझूँ
आधा रातमा एक्लै वसी आज कल्लाइ संझूँ

रिम–झिमे धारासँगै गाऊँ गाऊँ लाग्छ
जुन्किरीको साथ उठी जाऊँ जाऊँ लाग्छ

कति मीठो आधा रातमा झम्किएको धारा
अझ मीठो मन मनै संझिएको प्यारा

पानी पनि गाउँछ हजुर, मन पनि गाउँछ
हर्ष पनि आउँछ हजुर, पीर पनि आउँछ

१ आषाढ २००५

किन्नरी हे, कहाँ रुझ्यौ तिमी

असारको पैलो झरी पऱ्यो सिमी सिमी
पर्वतकी किन्नरी हे, कहाँ रुझ्यौ तिमी

भैंमा छूँ छूँ गरी उड्ने गौंथलीकी चरी
अकासिन्छे पँखेटाले छुन पैलो झरी
पानी छम्की मुर्छाबाट ब्यूँझे जस्तै जिमी
बर्सातकी सुन्दरी हे, कहाँ बिझ्यौ तिमी

यौटा चुली बादलले छोप्न अझै बाँकी
घामपानीले रुझाएका कति राम्रा झाँकी
गजलीका परेली झैं छाया झिमी झिमी
इन्द्रेनीकी चुनरी हे, कहाँ भिज्यौ तिमी

झरी–चरो टोलाउँछ हाँगामाथि रुझी
सल्लाघारी सुसाएर बोलाए झैं बुझी
स्वरभित्र घुसे सारा रङ्ग रिमी झिमी
सझनाकी बाँसुरी हे, कहाँ बज्यौ तिमी

३ आषाढ २०१७

कति राम्रो वर्षा ऋतु

कति राम्रो वर्षा ऋतु लाग्यो यस पालि
किन्नरीले सासै फेर्दा रूपै फेर्न थाली

एकजुवा घाम छँदा घामपानीको वृष्टि
पुष्पवृष्टि गरेजस्तो कति राम्रो सृष्टि
पैलो पालि देखे जस्तो धर्ती यसै पालि
किन्नरीले सासै फेर्दा रूपै फेर्न थाली

कतैतिर नीला धारा, कतै इन्द्रधनु
दिलमा कता के थालियो, कसरी भनूँ
पैलो पालि थाले जस्तो प्रीति यसै पालि
किन्नरीले सासै फेर्दा रूपै फेर्न थाली

बर्सातले धोई धोई नीर अझै राम्रो
त्यसै पनि रोई रोई पीर अझै राम्रो
पैलो पालि लागे जस्तो विरह यसै पालि
किन्नरीले सासै फेर्दा रूपै फेर्न थाली

१५ आषाढ २०२६

एक गीत मेरो पनि रच्छु

साउनको विहानीमा सिमसिमे झरी
आज मलाइ सुत्न देऊ यसै अल्छी गरी

रङ्ग रूप नहेर्दैमा पैलो नजर खोली
संकल्पमा नफुर्दैमा संसारका बोली
सिमसिमें संगीत जो चारैतिर वर्स्यो
कहाँ विझूँ कति वेला ?–हिर्दयले विर्स्यो

डुबे होलान् डाँडा-काँडा कुहिराले ढाकी
गरुड पन्छी उड्दैन रे आज टाढा ताकी
हिंडे पनि पाउनु हो पछि थकाइ मेट्नु
कति मजा ! नहिंडेरै आलस्यमा लेट्नु

संसारमा सधैँभरि बाहिर मात्र धाएँ
आफूलाई आफैंभित्र कैले मैले पाएँ
योग-निद्रा समाधिमा आनन्दले सुत्छु
यो झरीमा एक गीत मेरो पनि रच्छु

४ श्रावण २०१६

रूपको ज्योति रूपैले छोपी

कुन वनवाला छेल परी वस्छे प्याउली फूलैमा
रूपको ज्योति रूपैले छोपी– मैं परे भूलैमा

पहिलो चैत लागेको थियो त्यो बेला सृष्टिमा
एउटा नर सुन्दर लाग्यो नारीको दृष्टिमा

नरले देख्यो – नारीको नजर ज्योतिले धिप्धिप
घामले छिप्यो– छाया र छवि फूलमा छिप्छिप

लाजले अनि फूल झैं वनी चिम्लन्छे परेली
बैंसकी वाला– पहेली गाला, रूपैकी तरेली

प्रीतिको त्यही पहिलो पला – फुल्दछे प्याउली
लाजको लाली, एक थोप्ला खालि पलपल भुलभुली

२७ चैत्र २०२५

तपसिनी पार्वती झैँ घामपानीमा तपी

लाली गुराँस फुलिरै' छ रङ्ग रङ्ग जपी
तपसिनी पार्वती झैँ घामपानीमा तपी

जोवनको कान्ति त्यहाँ– तरल तरल कस्तो
सुनको पानी तप्कू तप्कूँ कर्णकुण्डल जस्तो
मेरै दिलमा तप्किरै' छ कान्ति तपतपी
लाली गुराँस फुलिरै' छ रङ्ग रङ्ग जपी

जीवनको ज्योति त्यहाँ–उज्ज्वल उज्ज्वल कस्तो
जून ताछी जूनै वाँकी चन्द्रमण्डल जस्तो
मेरै चेतमा वलिरै' छ ज्योति धपधपी
लाली गुराँस फुलिरै' छ रङ्ग रङ्ग जपी

दिनमा कतै कलमष भए पखालिन्छ जस्तो
क्वै कोठरी कठोर भए पेगालिन्छ जस्तो
मेरो आत्मा भरिरै' छ अर्को आत्मा थपी
लाली गुराँस फुलिरै' छ रङ्ग रङ्ग जपी

२९ चैत्र २०२५

फूल भनूँ कि के भनूँ खै !

शयपत्री फूलै फुल्यो कति ढकमक
फूल भनू कि के भनूँ खैं, म त अकमक

यो फूलमा छाया पर्‍यो कुन मुहारको कान्ति
किन मलाइ ललित लाग्छ सत्यभन्दा भ्रान्ति
फूल छोऊँ कि कान्ति छोऊँ– म त अकमक
शयपत्री फूलै फुल्यो कति ढकमक

जोवनको फूलै फुल्यो शयपत्र फुकी
शय कुरा फुके पनि शय कुरा लुकी
रूप ठूलो कि प्रीति ठूलो, म त अकमक
शयपत्री फूलै फुल्यो कति ढकमक

क्यै बोलूँ त त्यै बोलीमा छचल्किन्छ दिल
अर्को जुनी जन्में भने वनाइदिनू फूल
वनूँ बोल्न नसकेर म त अकमक
शयपत्री फूलै फुल्यो कति ढकमक

१८ कार्तिक २०२४

दिदी र बहिनीहरूले सोधे !

शय-र-पत्री फूलै र फुल्यो बावाको वारीमा
अचेलभरि हृदय मेरो डाँडाको पारीमा

विहानीपख टिपुँला फूल राखुँला पोल्टामा
दिनै-र-भरि गासुँला माला एकान्त कोल्टामा

बावाले सोधे, भनुँला— फूल द्यौतालाइ टिपेकी
आमाले सोधे, भनुँला— माला बनाउन सिकेकी

दिदी र वहिनीहरूले सोधे, म खालि हाँसुँला
त्यै हाँसो जस्तो फूलको माला गाँस्न त गाँसुँला

१२ आश्विन २०११

मुस्कुराउँदा मुटु दुख्ने

मुस्कुराउँदा मुटु दुख्ने वस्यो मेरो बानी
नहाँसेको हैन सखी, मैले जानी जानी

अ्रसारको इन्द्रकमल कोपिलैमा वस्छ
अ्राँखा खोली हेर्न खोजे पत्ती पत्ती खस्छ
म पनि त सधैंभरि मेरै रूपकी ध्यानी
मुस्कुराउँदा मुटु दुख्ने वस्यो मेरो वानी

एक स्वप्ना भन्न खोज्दा झन् बिर्सिन्छ दिलमा
शीतको थोपा टिप्न खोज्दा अ्रल्झेजस्तै फूलमा
यही बोली लाटो बन्यो, बोलूँ कुन वाणी
मुस्कुराउँदा मुटु दुख्ने वस्यो मेरो बानी

एक छाया, दुई छाया— वनमा कति छाया
यो अ्रसारमा संझन्छु म कुन युगको माया
अ्राँसु केले सुक्छ सखी, घामले सुक्छ पानी
मुस्कुराउँदा मुटु दुख्ने वस्यो मेरो वानी

३ ज्येष्ठ २०२१

तिम्रो गीत गाउँछु म

शीतको थोपा अल्मलियो फूलको तरेलीमा
तिम्रो आँसु छिपेको छ मेरै परेलीमा

पहरामा सुसाउने छहराको ध्वनि
तिम्रो गीत गाउँछु म मेरै गीत भनी

नीर-नील गिरिवन वादलको मनि
तिम्रो विरह छाएको छ मेरै छाती मनि

शालिग्राम कल्ले कुँद्यो काली गण्डकीमा
तिम्रो धोको वसेको छ मेरो जिन्दगीमा

१६ आश्विन २०१२

छोऊँ छोऊँ कतै, रोऊँ रोऊँ कतै

छोऊँ छोऊँ कतै, रोऊँ रोऊँ कतै, सारंगी– राइँ राइँ
मनले भने हो भनिरैं' छ मुखले नाइँ नाइँ

जति नै फेऱ्यो फूलले रङ्ग फूलसँगै फूलसँगै
जति नै लायो दिलले माया दिलसँगै दिलसँगै

बग्छ कि बग्छ लहरमा छाया बग्दैन तैपनि
लग्छ कि लग्छ सप्नैमा माया लग्दैन तैपनि

दिल सस्तो पनि होइन हजुर, नमागी दिइने
दिल त्यस्तो पनि होइन निठुर, मागेरै दिइने

१८ पौष २०१२

आज जगत् नित्य शाश्वत

त्यो मान्छे त हेरिरै' छ चिने चिने जस्तो
उसको आँखा, मेरो भाषा– बने बने जस्तो

फूल जस्तो मुहारैमा शीत जस्तो आँखा
कुन प्रभातमा पैले पनि देखें मैले काँ काँ
जस्तो सप्ना त्यस्तै बिप्ना– बने बने जस्तो
त्यो मान्छे त हेरिरै' छ चिने चिने जस्तो

त्यो नजरमा रेखी पऱ्यो मैंलाइ देखी कस्तो
आफ्नो भन्ने यौटा चिनु यही हो कि जस्तो
सुन्दर छाया, मधुर माया– बने बने जस्तो
त्यो मान्छे त हेरिरै' छ चिने चिने जस्तो

पार्वती र शिवजीको दिल काँ काँ मिल्यो
दुइ नजर मिली माझमा तेस्रो आँखा खुल्यो
आज जगत्, नित्य शाश्वत– बने बने जस्तो
त्यो मान्छे त हेरिरै' छ चिने चिने जस्तो

२८ मार्ग २०२४

बोली मिस्न बाँकी अझै

मुखले बोलूँ मैं कसरी 'माया लाग्छ' भनी
बोली मिस्न बाँकी अझै 'दिल मिसाए पनि

क्वैलीलाई बोलाइरैं' छ वन वन क्वैली
फूल यौटा टोलाइरैं' छ नफुटेर बोली
मनको भाषा बोले जस्तो उनको आँखा पनि
बोली मिस्न बाँकी अझै दिल मिसाए पनि

बोलूँ बोलूँ कति कुरा, दुवारसंम आई
फर्की जान्छु लहर झैं किनारसंम आई
नबोल्नु झन् कति मीठो बोल्नुभन्दा पनि
बोली मिस्न बाँकी अझै दिल मिसाए पनि

बोलूँ भने गीत हुन्छु, नबोलूँ त मूर्ति
मुस्कुराउँदा घामपानी झैं आँसु बरवर्ती
नबोल्नेलाइ बोलाउन गीत गाउँछन् उनी
बोली मिस्न बाँकी अझै दिल मिसाए पनि

१५ आषाढ २०२४

मेरो आत्मा मेरै हो कि उनको

ताछी-तुछी मुरली त गोपीबाँसको ठुन्को
यसै मुरलीमा आज गीत गाऊँ कुनको

कति मीठो भाका मैले मुरलीमा झिकें
पैलो माया आफैंसित लगाउन सिकें
जान्दिनँ म—यही माया मेरै हो कि उनको
यसै मुरलीमा आज गीत गाऊँ कुनको

आजभोलि मनको कुरा मनैलाइ भन्छु
मनैलाइ भन्छु भन्दा कुनैलाइ भन्छु
जान्दिन म—मेरो आत्मा मेरै हो कि उनको
यसै मुरलीमा आज गीत गाऊँ कुनको

गीत मीठो गाएर कि प्रीति मैले लाएँ
प्रीति मीठो लाएर कि गीत मैले गाएँ
जान्दिनँ म— महिमा छ गीतैको कि उनको
यसै मुरलीमा गाऊँ गीत आज कुनको

११ मार्ग २०१८

जसलाइ भनी साँचेको हो

यौटा गीत सुनाउन्नँ कसैलाई पनि
जसलाइ भनी साँचेको हो उसैलाई पनि

नजरले बोले पनि मुखले बोल्न बाँकी
मेरो भाषा राखिदेऊ यै आँखाले ढाकी
यौटा वाक्य बोल्दिनँ म कसैलाई पनि
जसलाइ भनी साँचेको हो उसैलाई पनि

जूनको ज्योति ताछीताछी जूनकै ज्योति बाँकी
मेरो मर्म राखिदेऊ यै मुस्कानले ढाकी
यौटा मर्म खोल्दिनँ म कसैलाई पनि
जसलाइ भनी साँचेको हो उसैलाई पनि

फूलको थुङ्गो छोए पनि कान्ति छुन बाँकी
मेरो बैंस राखिदेऊ यै हिस्सीले ढाकी
यौटा कुनु देख्न दिन्नँ कसैलाई पनि
जसलाइ भनी साँचेको हो उसैलाई पनि

१० वैशाख २०२४

उनको अर्पन पैले हो कि

उनको प्रीति पैले हो कि, मेरो प्रीति पैले
जान्दिनँ म– एकैचोटि के भो कुन्नि कैले

यति राम्रो मुहार हजुर, पैले कहाँ थियो
बल्ल देखें– बलेपछि नजरको दियो
उनको नजर पैले हो कि, मेरो नजर पैले
जान्दिनँ म– एकैचोटि के भो कुन्नि कैले

यौटै पर्दा उघारें झैं दुईतिर हाँसी
पूरबको जून झर्‍यो पश्चिमबाट ब्याँसी
उनको मुस्कान पैले हो कि, मेरो मुस्कान पैले
जान्दिनँ म– एकैचोटि के भो कुन्नि कैले

बेनी-घाटमा उनीसित भेट भयो अस्ति
आज लाग्छ– सधैंभरि सँगै थिइन् जस्ती
उनको अर्पन पैले हो कि, मेरो अर्पन पैले
जान्दिनँ म– एकैचोटि कुन्नि के भो कैले

१२ वैशाख २०२४

जसलाइ भनी साँचेको हो

यौटा गीत सुनाउन्नँ कसैलाई पनि
जसलाइ भनी साँचेको हो उसैलाई पनि

नजरले बोले पनि मुखले बोल्न बाँकी
मेरो भाषा राखिदेऊ यै आँखाले ढाकी
यौटा वाक्य बोल्दिनँ म कसैलाई पनि
जसलाइ भनी साँचेको हो उसैलाई पनि

जूनको ज्योति ताछीताछी जूनकै ज्योति बाँकी
मेरो मर्म राखिदेऊ यै मुस्कानले ढाकी
यौटा मर्म खोल्दिनँ म कसैलाई पनि
जसलाइ भनी साँचेको हो उसैलाई पनि

फूलको थुङ्गो छोए पनि कान्ति छुन बाँकी
मेरो बैंस राखिदेऊ यै हिस्सीले ढाकी
यौटा कुनु देख्न दिन्नँ कसैलाई पनि
जसलाइ भनी साँचेको हो उसैलाई पनि

१० वैशाख २०२४

उनको अर्पन पैले हो कि

उनको प्रीति पैले हो कि, मेरो प्रीति पैले
जान्दिनँ म– एकैचोटि के भो कुन्नि कैले

यति राम्रो मुहार हजुर, पैले कहाँ थियो
बल्ल देखें– बलेपछि नजरको दियो
उनको नजर पैले हो कि, मेरो नजर पैले
जान्दिनँ म– एकैचोटि के भो कुन्नि कैले

यौटै पर्दा उघारे झैं दुईतिर हाँसी
पूरिबको जून झऱ्यो पश्चिमबाट ब्याँसी
उनको मुस्कान पैले हो कि, मेरो मुस्कान पैले
जान्दिनँ म– एकैचोटि के भो कुन्नि कैले

बेनी-घाटमा उनीसित भेट भयो अस्ति
आज लाग्छ– सधैंभरि सँगै थिइन् जस्ती
उनको अर्पन पैले हो कि, मेरो अर्पन पैले
जान्दिनँ म– एकैचोटि कुन्नि के भो कैले

१२ वैशाख २०२४

छाया हैन, हिर्दैकी माया

कुसुमको महल यो, घाम-छायाको देश
सुन्केशरा रानी मेरी, सुन जस्तो केश

वालकाल पालीमनि तिम्रो कथा सुनें
त्यही देखि मनमनै तिमीलाई चुनें
आज राति तारामनि जगाउन आएँ
राक्षसको देशवाट भगाउन आएँ

कसको व्रत वसेकी ह्वौ एकान्तकी ध्यानी
दिव्य वाह्र वर्ष पुग्यो, उठ अब रानी !
वाहिर हेर, मिरमिरे झ्याल उघारेर
मरिदको मुख हेर, घुम्टो उघारेर

देवी हैन, दासी हैन– सखी वनी आऊ
छाया हैन– हिर्दयकी माया वनी आऊ
सुख पनि होला सखी ! दुःख पनि होला
घाम छाया मुछिएको मानिसको चोला

११ ज्येष्ठ २००५

नौली दुलहीको मुख हेर्ने बेला

हे नव बधू मेरी, मैँतिर आइन् शिर निहुरी
सोचेकीभन्दा अझ सुन्दरी

लोकन्तीले समालेकी ललितकी मूर्ति
पाइतालाको माहुरले पग्लिए झैँ धर्ती

अब नौली दुलहीको मुख हेर्ने बेला
हिम्चुलीमा उचालियौ गोधूलिका पाला

प्रिया बन्नुभन्दा पैले देवी बन्छिन् कन्ये
कल्पना नै कति राम्रो ! नव बधू भन्ने

१२ चैत्र २०१६

रानी, रुझ्यौ कि आँसुको अभिषेकैमा

नरोऊ रानी, भल्भली
आँखैको कालो गाजलु गालैमा बगाइ सल्लली

वलिन्द्र धारा आँसुले चौबन्दी चोली रुझायो
त्यति नै रुन्छ्यौ झन् तिमी, जति नै चित्त बुझायो

निधारी रातो सिन्दूर तोरीको तेलमा फेटियो
बिरानु माया वस्दैन, पुरानु माया मेटियो

भुइँमै फेरि झुक्तछ्यौ मुखमा हेरी हाँसेर
आँसुले गिला गालामा अलक काला टाँसेर

वर्सन्छ नीलो वादल हिमालचुली लेकैमा
प्रीतिकी रानी रुझ्यौ कि आँसुको अभिषेकैमा

२४ भाद्र २०१०

मैले सोचे जस्तो !

जान्दिनँ हे प्रियतम, तिम्रो मनमा के छ
त्यही होला, त्यही होला– मेरो मनमा जे छ

हुनु-मात्र-पर्छ तिमी– जहाँ भए पनि
छौ भन्नुको आधार ठूलो– जहाँ भए पनि
संझ्यालमा बसेकी छु बिहानीमा बिम्झी
सपनीमा देखेकोलाइ बिपनीमा सम्झी

आउनु-मात्र-पर्छ तिमी– जैले भए पनि
पैलोपालि देख्नु ठूलो– जैले भए पनि
एक यात्री राजपथमा देख्छु उनै जस्तो
उनै जस्तो भएर कि मेरो मनै उस्तो

पाउनु-मात्र-पर्छ तिमी– जस्तो भए पनि
आफ्नो भन्नु चाहिँ ठूलो– जस्तो भए पनि
यही रूप ईश्वरले पैले रचे कस्तो
देखिसकेपछि लाग्ने– मैले सोचे जस्तो !

९ वैशाख २०२२

वैलेर जान्छ कि, फूल आजको

प्रियैलाइ दिऊँ भनी, फूलै टिपी ल्याएँ
शीतैले भिजेको आज विहानी

सखीलाइ अह्राऊँ भने, लाग्छ मलाइ शरम
आफैंले दिऊँ भने लाग्छ लाज यो
हातैमा लिँदा लिँदै, दोमन हुँदा हुँदै
वैलेर जान्छ कि, फूल आजको

यही फूल वैल्यो भने, फुल्ला अर्को पनि
यही जस्तो शोभा फेरि होला नहोला
अर्को फूल दिँदाखेरि, आजै जस्तो गरी
हिर्दयै अर्पूं अर्पूं होला नहोला

हिमालको चुलीमाथि, झुल्के फूल ल्याई
राखेर गयो कल्ले आज विहानी
मैं पनि प्रिय राजै ! फूलको थुङ्गो ताजै–
राखेर निस्कूँ कि त, तिम्रै शिरानी

१७ श्रावण २०१९

दिलको पारि फूलबारीमा

चैते तारा जूनसितै उदायो
मेरो माया क्या मीठो निद्रायो !

फूलको कान्ति फूलैभरि मुछिए झैं तिमी
त्यो मुहारमा मेरै मुहार मिसिए झैं तिमी

विवाहको पैलो रातमा देखिए झैं तिमी
त्यही तस्बीर कलेजीमा लेखिए झैं तिमी

दिलको पारि फूलबारीमा बिझिए झैं तिमी
आत्माभरि मैंलाई नै संझिए झैं तिमी

१६ चैत्र २०२४

आजै र राति के देखें सप्ना !

आजै र राति के देखें सप्ना, मैं मरि गएको
बतासबिनु हाँगाको फूल भईं झरि गएको !

कसरी मरें म आज अहो, थाह नै नपाई
अन्त्यको बेला प्रियलाइ केही कह्नै नपाई

वरि र परि घाम र छाया माझैमा पियार
संसारमा जन्म दिएर ईश्वर ! बैंसैमा नमार

बिंझेर हेर्छु पूर्वि दिशा मिर्मिरे भएछ
वारीको बोटमा धोबिनी चरी कराइरहेछ

मरि नै गए उज्यालो संसार को हेर्न पाउँछ
मुहार तिम्रो हेरेर आँसु भलभल आउँछ

२३ वैशाख २०११

पीर मान्नै पाउन्न म

मेरो घरको आँगनीमा फूल सूर्यमुखी
मान्छे दुःखी भए पनि दिल त कहाँ दुःखी

शिर-फुला लगाएकी मेरी नव वधू
अधरमा मीठो मुस्कान, हिर्दयमा मधु
नव वधू भनूँ कि म, भनूँ सूर्यमुखी
मान्छे दुःखी भए पनि दिल त कहाँ दुःखी

दिलभित्र दुखूँ भने कतै एक ठाउँ
फूलभित्र लाग्न जाला नकहिने घाउ
पीर मान्नै पापन्नँ म— यति दुःखी छु कि,
मान्छे दुःखी भए पनि दिल त कहाँ दुःखी

विहानको फूलै राम्रो शीतै-शीतले धोई
फूलनेर उभिन्छु म गीतै-गीतले रोई
कैले बन्न पाउँला नि फूलै जस्तै सुखी
मान्छे दुःखी भए पनि दिल त कहाँ दुःखी

१६ भाद्र २०२५

सानन्द भो जिन्दगानी
सुन्दर भो संसार !

यसै दशैं तिहारमा परिपूर्ण पियार
सानन्द भो जिन्दगानी, सुन्दर भो संसार !

आज राति जूनैभित्र लेक ब्याँसी डुबे
तिनै आँखी प्यून झुक्ता यिनै आँखी दुबे

आत्मासित आत्मा मिसी पायौं तृप्ति कस्तो
एक वार पाएपछि पुग्ने मुक्ति जस्तो

मुस्कुराई उठ्ता तिमी मिरेमिरे प्रातः
पारिजात वर्से जस्तै तिम्रै मुस्कानवाट

हामीले नै हामीलाई पाउनु छैन वाँकी
सुगन्ध झैं उडिजाऔं—संसार नै ढाकी

३ मार्ग २०१६

आँसु बरर राजै ! आँसु बरर

आँसु बरर राजै ! आँसु बरर
बिदैको बेलामा आँसु बरर !

बेलौंतीको बोटैमाथि ढुकुरका जोडी
मेरो जोडी जान लाग्यौ मलाइ एक्लै छोडी

हिम्चुलीको हिमै पग्ली खार बग्ने खोला
सानु माया रुवाएर कहाँ जाने होला

यौटा माया परदेश, यौटा माया घर
फेरि भेट हुन्छ हुन्न, कल्लाइ थाहा छ र !

मेरो पियार गर्नुभन्दा आफ्नै पियार गरे
ज्यूको संभार गरे राजै ! ज्यूको संभार गरे

२९ चैत्र २००८

ए फेरि भेट हुन्छ कि हुन्न !

पहिलो वास बस्तछ यात्री झ्याउँकिरी रुवाई
एक डाँडापारि उज्यालो घर सांझमा डुवाई

साइतको बेला, जलको घैंला कटिमा बोकेकी
प्रीतिलाइ छोड्यो— गहको आँसु गहमै रोकेकी

उदाउने जून, सुसाउने धारा, बजाउने बाँसुरी
छोडेको साथी संझेर राति लाग्दैन निदरी

वनमा बोल्छ सिमलचरी एक्लासे रातमा
ए फेरि भेट हुन्छ कि हुन्न ! प्रीतिको साथमा

१८ वैशाख २००९

कठैं पियैं राजा !

तिम्रो हाम्रो पीर्ति सारङ्गीमा रुन्छ
कठैं पियैं राजा ! भेट कैले हुन्छ

असारको महीना उठिआए मेघ
कठैं पियैं राजा ! चल्यौ पन्छी–वेग

गोडामनि मेरो छैन झैं छ जिमी
कठैं पियैं राजा ! कहाँ टेक्छौ तिमी

आँसु रोकी दयूँसो, आँसु पोखी राति
कठैं पियैं राजा ! भत्किरैं' छ छाती

२९ ज्येष्ठ २०१२

के बानी बस्यो !

के बानी बस्यो– आधै र रातमा म सधैं बिंझन्छु
हाँसी र हाँसी लाएको माया रोइ रोई संझन्छु

नरोऊँ भन्छु– यो पापी आँसु बग्दछ भलभली
बिर्सन धौ भो बसेको माया संझन्छु झल्झली

जो भनी बसें जीवनभरि उही नै आएन
एक बाजि भेट्ने रहर थियो भेट हुनै पाएन

म बगिजाउँला फूलको थुङ्गो बगाउने गंगामा
पीरति मेरो एकलै रोला पहाडी ढुङ्गामा

१० आश्विन २००५

रुलायो मनको करुनैले

अँधेरी रातमा
पीपलु पातमा – के बोल्यो गोलसिमलै हो
नीँदमै बिम्झेर
कल्लाइ संझेर – दिल भयो मेरो भिमलै हो
शैलका लहर –
लेटे झैँ शंकर – विषैको घुड्को घाँटीमनि
विरही वनचरी
गाउँछे हाइवरि – छिपाई खुड्को छातीमनि
डढेकी चरीलाइ
रूपैकी परीलाइ – ज़िलायो वनको झरनैले
सुखले ह्वैन रे
दुःखले ह्वैन रे – रुलायो मनको करुनैले
मरुँला म यसै
नमेटी पियासै – रूपैको यही नगरीमा
वारंबार जियाई
दिइग्यौ पियाई – प्रीतिको तिम्रै मधुरिमा

१६ फाल्गुन २०१८

पुछूँ कि आँसु गै

हिउँमा छर्केको
चुलीमा पर्खेको– घामैको झुल्का कति राम्रो
संझन्छु वालाको
नौनी झैं गालाको– बैंसैको झल्का अति राम्रो
जुनेली रातमा
धानैको फाँटमा– रूखैको छाया कति राम्रो
होला कि ब्यूँझेर
मैंलाई संझेर– बसेको माया अति राम्रो
झरीले छोडेको
ज्योतिमा पौडेको– पहिलो प्रहर कति राम्रो
पुछूँ कि आँसू गै
हर्षले हाँसूँ झैं– प्रीतिको मुहार अति राम्रो
निर्मल गंगाको
पानीमा ढुङ्गा यो– लहरी परी कति राम्रो
माझैमा माया यो
घामै र छाया यो– वरि र परि अति राम्रो !

१२ फाल्गुन २०१८

घर संझी आँसू गहभरि

आज मेरो घर संझी आँसू गहभरि
चलिजाऊँ त बाटैभरि आँसू बरबरी

छाया डुल्ने बेंसी हजुर, घाम डुल्ने लेक
नजरमा निभे पनि संझनामा शेष

एकराते दही हजुर, एकै बार चाखी
स्वाद बिर्सिसके पनि रस चाहिं बाँकी

एकै मुठी सिँदुर हजुर, हिम्चुलीमा छर्की
म आएथें परदेश फेरि गइनँ फर्की

११ आश्विन २०१५

मैले नगाउञ्जेल गीत

आज मेरो मुरलीमा विरहको भाका
यही भाका सुनी कोही रोइरहेछ काँ काँ

जे बोल्यो त्यै गीत बन्ने बइँसकी ठिटी
उनीलाई मैले ल्याएँ जुहारीमा जिती
मेरो गीत सुन्दा सुन्दै फागुनको राति
मेरी प्रिया निदाइथिन् यही काखमाथि

काखवाट तिनको शिर तकियामा राखी
निस्किआएँ– चार घरी रात छँदै वाँकी
प्रभातको भैरवीले जगाउन बिर्सी
म्वाइँको टिको ललाटमा लगाउन बिर्सी

शिरानीमा बसी मैले नगाउञ्जेल गीत
तिनी फेरि ब्यूँझन्नन् रे पुगे पनि नींद
आज मेरो मुरलीको मीठो रन्को लागी
रोइरहे झैं उनी एक्लै मध्यरातमा जागी

१० ज्येष्ठ २०२१

कहिले भेट होला हे राजै

फूलको थुङ्गो वगेर गयो गंगाको पानीमा
कहिले भेट होला हे राजै ! यो जिन्दगानीमा

झरीको पछि झुल्केको घाममा नीर सऱ्यो पहाडको
भर्खरै पीर्ति वसेको बेला पीर पऱ्यो बिछोडको

नहाँसूँ भने सखीलाइ पीर, मैं हाँसूँ कसरी
रोउँला राति भनेर आँसु मैं साँचूँ कसरी

रातमा मलाइ हेर्दछ टोलाइ पूर्वको ताराले
त्यो कान्तिपुरमा, सप्नाको सुरमा संझ्यो कि प्याराले

३ मार्ग २०२५

आउँदै होला परदेशी प्रीतम

आउँदै होला परदेशी प्रीतम पसीना काडेर
आउँदै होला डाँडा र काँडा पछाडि छाडेर

पाटीमा वास बसेको होला घरलाइ संझेर
हिंडेको होला चार घडी रात छँदैमा बिम्झेर

घामले कति पाकेको होला प्रियको मुहार
बोकेर आइरहेको होला साँचेको पियार

डाँडाको बादल ! छाइदे छाया प्रियको शिरमा
संचार यौटा पुन्याइदे छिटो– सञ्चै छौं घरमा

१३ ज्येष्ठ २००६

म फर्की आएँ ए कस्तो बेलामा !

केराको पातमा काँपेको बत्ती दैलाको ठेलामा
परदेशबाट म फर्की आएँ ए कस्तो बेलामा !

थाकेको जीउ बिसाउन आएँ जसको काखमा
उ अब मेरो हेर्दैन बाटो साँझको पखमा

बिदाको बेला आएको आँसु आँखामा नसुक्तै
के मरन लेख्यो ! भेटको धोको हाइ हाइ नपुग्दै

पहेंलो घाम डुबेर गयो डाँडाको पारिमा
जुन्किरी आई पिलिपिलि रुन्छ अँध्यारो बारीमा

मर्स्याङ्दी नदी सुसाइरै' छ सल्लाको घारीमा
लेकको तारा बोलाइरै' छ हिमालको पारीमा

२८ फाल्गुन २०११

फर्की आइसक्ता पनि

आज राति थाहै नपाई फर्की आए उनी
आँगनीमै वसी बोले– म त आएँ भनी

आउने बेला भयो भनी पर्खिएकी रै'छु
बोलाए झैं लाग्यो मलाइ, ढोका खोल्न गै'छु
तामा पिटे जस्तो जीउ– सञ्चै रै'छन् उनी
दुवारैमा वसी बोले– म त आएँ भनी

वैशाखको सुगन्ध झैं घरभित्र पसे
'छु' भन्नुको आनन्द झैं विच्छौनीमा वसे
कति डुल्नु एक्लै एक्लै, थाकिसकें भनी
विच्छौनीमै वसी बोले– म त आएँ भनी

फर्की आएँ तिमीलाइ दुःख भयो भनी
अव छोडी जाने छैनं, किन रुन्छयौ तिमी
फर्की आइसक्ता पनि पत्याइनौ र ? भनी
हिर्दयैमा वसी बोले– म त आएँ भनी

१३ श्रावण २०२०

विरहमा बस्ता बस्तै

काली लेक बादलुको नीर प्याजी छाया
यो असारमा संझन्छु म– बिर्सिएकी माया

इन्द्रेनीको दुवारमा एकै छिन बसी
नीलमको महलमा उनी जान्छिन् पसी
छुन जाउँ त यक्षिनी झैं तिनी अलप हुन्छिन्
असारको सिम्सिमेमा रङ्ग रङ्ग रुन्छिन्

एकै मुठी सिँदुर जो सिउँदोमा छर्की
कैले आएँ परदेश, फेरि गइनँ फर्की
रुँदै रुँदै आँसु बनी गल्यो होला काया
उनी बाँकी रहिहोलिन् प्रतीक्षाकी छाया

शरदको जूनलाई पर्खिएर बस्ती
साउनमै झरिजाने झाँक्री फूल जस्ती
विरहमा वस्ता वस्तै चुँडिएकी जीवन
मिलनकी आशा मात्रै, नचाहिने मिलन

२८ आषाढ २०२०

बिर्सने छैन मान्छेको माया

हिमालचुली हिमालमा– ए कठै वरि लै लै !
फर्कुंला फेरि नेपालमा–ए कठै वरि लै लै !

असोजै मास पहेंलो झल्का धानमा पर्नेछ
लेकको गाई बेंसीमा हेरी हुंकार गर्नेछ
धर्तीको पारि हुनेछ मलाइ धर्तीकै संझना
विर्सनेछैन मान्छेको माया, मट्टीको वासना

पुतली बनी आउँला डुल्न भदौरे घाममा
माउरी बनी आउँला घुम्न मान्छेको ठाममा
कहाँ छ मेरो एकै र बार पाएको जीवन
जगाइदिन्छु मट्टीमा राखी ज्योतिको चुम्वन

मूलको पानी इन्द्रेनीबाट नुहेर खाउँला
खोलाको वारि सल्लाको घारी घुमेर गाउँला
लाई लाई प्रीति गाएका मैले गीतका चरण
हाइ हाइ यसै हरन गर्न सक्तैन मरन

१४ आषाढ २०११

कथाको रानीसित तिमीलाई साटूँ

गीत राम्रो तेर्छो भाका, नाच राम्रो घाँटू
त्यो कथाको रानीसित तिमीलाई साटूँ

वैशाखको पूर्णिमामा घाँटू– नाचमा झुली
वनफूलको कोपिला झैं आधा पलक खुली
कुमारी नै रहन्छ्यौ कि, द्यौतालाई अर्पी
तिम्रो मनमा छ कि छैन, मैं मान्छेको पीर्ति ?

बाघको ऐह्ला खेल्न जाउँला कालीलेक हिमाल
हरिनको रगत मुछी पठाउँला रुमाल
तिमी मेरो सती जाउली शिरमा सिन्दूर हाली
लालीदार मुहारमा पसीनाको जाली

वीणा जस्ती तिमीलाई काखैभरि राखी
अलापुँला बिलापुँला अमर आत्मा डाकी
बिम्तिएर मुस्कुराउली यही मेरो गीतमा
छायामनि बिझिए झैं झकाएर नीँदमा

१५ वैशाख २०२४

सधैंभरि थालिरहे जस्तो

हिम्चुलीमा घामले सिन्दूर हालिरहे जस्तो
मेरो माया सधैंभरि थालिरहे जस्तो

जति बार खाए पनि म्वाइँ हुन्न जुठो
जोबन कति चोखो हजुर, जीवन कति मीठो
तृप्तिसितै तिर्खा पनि पालिरहे जस्तो
मेरो माया सधैंभरि थालिरहे जस्तो

जति बार मरे पनि फेरि ब्यूँतिजानी
फूलमा आत्मा राखी बोल्ने राइकोशे रानी*
नटुङ्गिने एक कथा हालिरहे जस्तो
मेरो माया सधैंभरि थालिरहे जस्तो

१९ आषाढ २०२५

---

*लोककथाकी परमसुन्दरी रानी।

हुँदैन रे मानिसको मरन

एक वार पाएपछि परिपूर्ण जीवन
कैल्यै पनि हुँदैन रे मानिसको मरन

यहाँनेर बसेथे रे दुई प्रेमी पैले
जहाँ आउँछन् दुई मौरी घुमी घुमी ऐले
एर वार वसेपछि पीरतिका थला
त्यै थलामा रङ्ग फेर्छ ऋतु पला पला

यहाँनेर हाँसेथे रे दुई दिल पैले
जहाँ फुल्छन् दुइ फूल एक डाली ऐले
एक बार पाएपछि आत्माभरि पीर्ति
त्यै पीर्तिले गर्छ गुल्जार रमाइलो धर्ती

यहाँनेर गाउँथे रे दुई कण्ठ पैले
जहाँ छाइरहेको छ गीतको पंख ऐले
एक बार गाएपछि बइँसको भाका
त्यै भाकाले लोलाउँछन् वन-खेत-पाखा

२८ कार्तिक २०१६

राति त्यतै शिरानी होस्

आज-भोलि देख्तिनँ म– तिनी कता गइन्
राति त्यतै शिरानी होस्– तिनी जता गइन्

हिम्चुलीमा यौटा घाम, बेंसी यौटा छाया
देखादेखी मात्रै भा'को नबोलेको माया
मेरो झ्याल त्यतै खुलोस्– तिनी जता गइन्
आज-भोलि देख्तिनँ म– तिनी कता गइन्

बतासले फर्काइ ल्याउने छहराको ध्वनि
छायामनि टोलाइ गइन् मनमा के के गुनी
मेरो वंशी त्यतै बजोस्– तिनी जता गइन्
आज-भोलि देख्तिनँ म– तिनी कता गइन्

तिनी मेरो संझनामा रूप मात्र शेष
नाउँ थाह छैन मलाइ, जाऊँ कुन देश
मेरो हंस त्यतै उडोस्– तिनी जता गइन्
आज-भोलि देख्तिनँ म– तिनी कता गइन् !

१२ वैशाख २०२१

बिदा हुन आइथिन् कि, यो भदौको राति

उत्तरमा गाउँदै गइन् वर्सातकी धारा
दखिखनमा देखा पर्‍यो महीवले तारा

आज राति पानी परी भैसकेछ विदो
निदरीमै को आएथ्यो, पाइनँ मैले निधो
बिंझी हेर्दा झल्याकझुलुक देख्छु जूनकीरी
किन्नरीले खसालेका कर्णफूल–सरि

वर्सातकी रानी तिनी मेरी वाल-साथी
बिदा हुन आइथिन् कि, यो भदौको राति
नबोलेरै गइहोलिन् ढोकाबाटै फर्की
एकै झर पानीसित सारा दिल वर्सी

वर्सातकी रानी ! गयौ जुनेलीको देश
संगीतको रन्को राखी मेरै मनमा शेष
यो झ्यालमा बसुँला म सखी ! तिम्रै लागि
महीवल डाँडामाथि अगस्ति झैं जागी

१६ भाद्र २०१६

जून एक मुठी

आज राति कोठाभित्र जून एक मुठी
किन पस्यो, किन वस्यो, किन गयो उठी !

पैलो वाजि विम्झिएछु वायाँ कोल्टो फेरी
जूनलाई जूनै संझी म निदाएँ फेरि
निंदरीमै पनि मलाइ लागिरह्यो यस्तो
एक साथी समीपैमा जागिरह्े जस्तो

दोस्रो वाजि विम्झी हेर्दा— अन्धकार थियो
द्वादशीको शशी अब डाँडा-पार थियो
बेँसीबाट लेकतिर जून जाँदै थियो
धर्तीबाट स्वर्गतिर कुन जाँदै थियो

उनी वस्छिन् उज्यालोमा धरतीको पारि
अँधेरीमा गर्न आउँछिन् मेरो रखवारी
मेरा परेलीमा तिनका म्वाइँका छन् चिह्न
किन्तु घुम्टो खोली तिनको मुख हेर्न हुन्न

२१ कार्तिक २०१९

आफ्नै रूपको छाया हेरी

अञ्जुलीमा उवाएर फिऊँ फिऊँ पानी
आफ्नै रूपको छाया हेरी छक्कै रूपा रानी

अञ्जुलीको यही पानी आफैं पिइद्यूँ त
आफ्नै रूप पिइन्छ कि ? यही पानीसित

अञ्जुलीको यही पानी भुइँमा पोखिद्यूँ त
आफ्नै रूप पोखिन्छ कि ? यही पानीसित

काँपिगयो अञ्जुली त, भुइँमा पर्‍यो पानी
त्यस्तै फुल्यो फूल पनि, जस्ती रूपा रानी

२६ ज्येष्ठ २०२७

अमर ठाने मैले

फूलको कान्ति फूलभन्दा अमर माने मैले
फूलभन्दा फूलको कान्ति वैले पनि पैले

वैशाखको बाँसुरीमा विरहको भाका
भेट भइसक्ता पनि भेट्न बाँकी काँ काँ
प्रीतिभन्दा प्रार्थना झन् अमर माने मैले
प्रीतिभन्दा प्रार्थना झन् वैले पनि पैले

राम्रो भई दिल बस्यो कि, दिल वसी राम्रो
देख्नुभन्दा पैल्यै प्रीति बसे जस्तो हाम्रो
हामीभन्दा हाम्रो प्रीति अमर माने मैले
हामीभन्दा हाम्रो प्रीति वैले पनि पैले

आफ्नै गुँडको वरिपरि गाउँछ कुमालकोटी
यै मट्टीमा प्राण हाली छाउँछ दिव्य ज्योति
जीवनभन्दा दिव्य ज्योति अमर माने मैले
जीवनभन्दा दिव्य ज्योति वैले पनि पैले

७ आश्विन २०२४

मैले बोलाएँ मुरलीलाइ

मुरलीले बोलायो मलाइ, मैले–
मैले बोलाएँ मुरलीलाइ !

मैले गाएँ सुसेलीमा घामछायाको गीत
छवै ऋतु घुम्नथाले मेरै छायासित

समयले दौडायो मलाइ, मैले–
मैले दौडाएँ समयलाइ !

सानो कुटी रचेँ मैले यही मटियामा
एक रश्मि वास बस्यो मेरै कुटियामा

संसारले वसायो मलाइ, मैले–
मैले वसाएँ संसारैलाइ !

रूपातालमा चियाएँ झैँ अन्नपूर्णा चुली
को हौं भनेँ उनीलाइ, मैँ हूँ भन्ने भुली

यो मायाले भुलायो मलाइ, मैले–
मैले भुलाएँ यो मायालाइ !

प्रारंभ हो खालि

वैशाखको पैलो फूल – अचम्म हो खालि
मेरो कहीँ अन्त्य छैन – प्रारम्भ हो खालि


हाँगावाट क्वैली बोल्यो को हो को हो भनी
गोरेँटामा मैले बोलेँ म हो म हो भनी
प्रश्न हैन, उत्तर हैन – अचम्म हो खालि
मेरो कहीँ अन्त्य छैन – प्रारम्भ हो खालि

छक्कै पर्छु असुराको पुष्परस चुस्तै
प्रीति पैले जस्तो थियो, फेरि ऐले उस्तै
तिर्खा हैन, तृप्ति हैन – अचम्म हो खालि
मेरो कहीँ अन्त्य छैन – प्रारम्भ हो खालि

जति हेर्‍यो उति राम्रो यही झाँकी कस्तो
हेरिसकेपछि, फेरि हेर्नें झाँकी जस्तो
दृष्टि हैन, सृष्टि हैन – अचम्म हो खालि
मेरो कहीँ अन्त्य छैन – प्रारम्भ हो खालि

१६ चैत्र २०२०

जन्म : १९७६ वि० सं०



श्री माधव घिमिरे

प्रकाशित कृति : गौरी (शोक-काव्य), राजेश्वरी र पापिनी आमा (खण्ड-काव्य) राष्ट्रनिर्माता र धरतीमाता (खण्डकाव्य), आफ्नो गीत आफ्नै बाँसुरी (निबन्ध-संग्रह), नयाँ नेपाल (कविता-संग्रह), मालती मङ्गले (गीति-नाटक), शकुन्तला (नाटक) र किन्नर-किन्नरी (गीत-संग्रह)। केही वर्ष इन्द्रेणी तथा कविताको सम्पादन, हाल नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उप-कुलपति। भारत तथा सोभियत संघमा भएका अफ्रो-एशियाली लेखक-सम्मेलन-हरूमा प्रतिनिधित्व गर्नुभएको।

२०३३ सालको त्रिभुवन-पुरस्कार द्वारा सम्मानित।

साझा प्रकाशन

मुद्रक : साझा प्रकाशनको छापाखाना पुल्चोक, ललितपुर, फोन नं. ५-२१०९३